# औद्योगिक सम्पत्ति सम्बन्धी काम कारवाहीलाई थप प्रभावकारी बनाउन गर्नुपर्ने सुधारको सम्बन्धमा गठित कार्यदलको प्रतिवेदन

२०७७


प्रतिवेदक

श्री बिन्दा आचार्य, निर्देशक, उद्योग विभाग

श्री कृष्णमान प्रधान, शाखा अधिकृत, उद्योग विभाग

श्री केशवराज गौतम, कम्प्युटर ईन्जिनियर, उद्योग विभाग

अधिबक्ता श्री जनक भण्डारी, बौद्धिक सम्पत्ति विज्ञ

अधिबक्ता श्री गौरिशकृष्ण खरेल, बौद्धिक सम्पत्ति विज्ञ

## Contents


**भाग- १** ........ 1

परिचय खण्ड ........ 1

१.१ अध्ययनको पृष्ठभूमि ........ 1

१.२ समस्याको कथन ........ 2

१.३ अध्ययनको उद्देश्य ........ 2

१.४ अध्ययनको महत्व ........ 3

१.५ अध्ययनको विधि ........ 4

१.६ अध्ययनको सीमा ........ 4

**भाग- २** ........ 5

नीतिगत तथा कानूनी ब्यवस्था ........ 5

२.१ नीतिगत ब्यवस्था: नेपालको संविधान र नीतिहरु ........ 5

२.२ पन्ध्रौं योजना (आ. व.२०७६|७७-२०८०|८१) ........ 9

२.३ ऐन, नियम र सम्झौताहरु ........ 11

२.५ संस्थागत तथा संरचनात्मक ब्यवस्था ........ 18

**भाग- ३** ........ 23

बौद्धिक सम्पति सम्बन्धी अन्य क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु ........ 23

३.१ नेपालमा बौद्धिक सम्पत्तिको संरक्षणका सम्बन्धमा विगतका भएका प्रयासहरु: ........ 23

३.२ अन्तराष्ट्रिय सन्धी सम्झौता र कार्यान्वयनको अवस्था ........ 25

३नेपाल आवद्ध नभएका केही बौद्धिक सम्पति सम्बन्धी अन्य क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सन्धि ३. सम्झौताहरु: ........ 30

३.४ बौद्धिक सम्पत्तिको हालसम्मको कार्यान्वयन अवस्था ........ 34

**भाग- ४** ........ 39

समस्या तथा समाधानका उपायहरु ........ 39

४.१ नीतिगत तथा कानुनी समस्याहरु ........ 39

४. २ संरचनात्मक तथा संगठनात्मक समस्याहरु ........ 40

४.३ प्रकृयागत तथा ब्यवस्थापकीय समस्याहरु ........ 40

४.४ अनुगमन तथा अन्य समस्याहरु ........ 42

**भाग- ५**........................................................................................................................................43

सुधारका लागि सुझावहरु.......................................................................................................................43

५.१ नीतिगत तथा कानुनी सुधार...............................................................................................43

५.२ संरचनागत तथा संस्थागत सुधार......................................................................................45

५.३ प्रकृयागत तथा ब्यवस्थापकीय सुधार ...............................................................................45

५.४ अनुगमनमा तथा अन्य क्षेत्रमा गर्नुपर्ने सुधारहरु........................................................................47

५.५ सुझाव कार्यान्वयनका लागि कार्ययोजना .........................................................................48

**भाग- १**

## परिचय खण्ड

### १.१ अध्ययनको पृष्ठभूमि

मानवीय बुद्धिको प्रयोग गरी गरिने नविनतम् तथा उपयोगी सिर्जनालाई बौद्धिक सम्पत्तिको रुपमा संरक्षण गर्ने, बौद्धिक सम्पत्तिको धनीको उक्त सिर्जना माथी हक प्रदान गर्ने, हकलाई प्रचलनमा ल्याउने र त्यसको उल्लघंनमा उपचारको हक प्रदान गर्ने अभ्यास विगत लामो समयदेखि भई आएको छ। नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हक अन्तर्गत बौद्धिक सम्पत्तिलाई मौलिक हकको रूपमा ब्यवस्था गरिएको छ। संविधानको अनुसूची- ५ अन्तर्गत संघको अधिकारको सूचीको क्रम संख्या २४ मा बौद्धिक सम्पत्ति (पेटेण्ट, डिजाइन, ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) सम्बन्धी विषय संघीय सरकारले हेर्ने ब्यवस्था रहेको छ। बौद्धिक सम्पत्ति अन्तर्गत औद्योगिक सम्पत्तिको प्रशासनको काम उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग विभागबाट पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन,२०२२ अनुसार र प्रतिलिपि तथा अन्य सम्बद्ध अधिकारहरु संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयवाट प्रतिलिपि अधिकार ऐन,२०५९ तथा प्रतिलिपि अधिकार नियमावली, २०६१ द्वारा प्रतिलिपि अधिकार र सम्बद्ध अधिकारको संरक्षणको कार्य भै रहेको छ ।

औद्योगिक नीति,२०६७ र वाणिज्य नीति,२०७२ मा पनि बौद्धिक सम्पत्ति संरक्षणको व्यवस्था सम्बन्धमा केही रणनीति तथा कार्यनीतिहरुको ब्यवस्था गरिएको छ। नेपाल सरकारबाट पहिलो पटक बौद्धिक सम्पत्तिका सबै विधाहरु समेटेर बनाईएको राष्ट्रिय वौद्धिक सम्पत्ति नीति, २०७३ स्वीकृत भएको छ। बौद्धिक सम्पत्ति नीतिको कार्यान्वयन गर्न, अन्तरतष्ट्रिय सन्धी सम्झौताबाट सिर्जित दायित्व पुरा गर्न र बौद्धिक सम्पत्तिका सबै विधाहरुलाई समेटेर समय सापेक्ष कानुनको निर्माण गर्न नयाँ बौद्धिक सम्पत्ति विधेयकको मस्यौदा अन्तिम चरणमा पुगेको छ।

नेपालले बौद्धिक सम्पत्ति संरक्षणको लागि विभिन्न अन्तराष्ट्रिय सन्धी सम्झौताहरुको सदस्यता लिएको तथा आवद्धता जनाएको छ। नेपाल विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को सन् १९९८ देखि सदस्य रही आएको छ भने औद्योगिक सम्पत्तिको लागि पेरिस सम्झौता,

ब्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार, प्रतिलिपि अधिकार र अन्य सम्बन्धित अधिकार सम्बन्धी बर्न सम्झौतामा समेत आवद्ध भएको छ। अन्तराष्ट्रिय सन्धी सम्झौतामा आवद्धतासँगै राष्ट्रिय कानुनमा समेत सोही अनुकुलको ब्यवस्था गरिएको छ ।

बौद्धिक सम्पत्ति संरक्षणका लागि अन्तराष्ट्रिय सन्धी सम्झौता अनुसार पालना गर्नुपर्ने,थप गर्नुपर्ने, परिमार्जन गर्नुपर्ने ब्यवस्थाहरु नयाँ बौद्धिक सम्पत्ति कानुनमा समेट्ने र बौद्धिक सम्पत्ति सम्बन्धी अन्तराष्ट्रिय सन्धी र सम्झौतामा नेपाल आवद्ध हुँदा हुन सक्ने लाभहरुको विश्लेषण गरी तुलनात्मक रुपमा लाभदायक हुने देखिएमा आवद्धता जनाउनु पर्ने आवश्यकता देखिन्छ ।

## १.२ समस्याको कथन

उद्योग विभाग अन्तर्गत औद्योगिक सम्पत्ति शाखाबाट औद्योगिक सम्पत्ति (पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क)को प्रशासन र प्रबर्द्धनको कार्य भईरहेको छ। बौद्धिक सम्पत्तिका दुई मुख्य विधाहरु औद्योगिक सम्पत्ति अधिकार र प्रतिलिपि अधिकार तथा अन्य अधिकारको संरक्षणको कार्यमध्ये औद्योगिक सम्पत्ति संरक्षणको कार्य के कसरी भईरहेको छ ? औद्योगिक सम्पत्तिको प्रशासनमा के कस्ता समस्याहरु रहेका छन ? र यसलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्दछ ? भन्ने विषयमा यो अध्ययन केन्द्रित रहेको छ ।यो अध्ययन मुख्यतया देहायका विषयहरुमा केन्द्रिकृत भई अध्ययन गरिएको छः

- औद्योगिक सम्पत्ति सम्बन्धमा के कस्ता सेवाहरु प्रवाह भइरहेका छन् ?
- औद्योगिक सम्पत्तिको प्रशासनमा के कस्ता समस्याहरु रहेका छन् ?
- औद्योगिक सम्पत्ति प्रशासनलाई थप प्रभावकारी बनाउन अपनाउनु पर्ने उपायहरु के के हुन ?

## १.३ अध्ययनको उद्देश्य

- औद्योगिक सम्पत्ति सम्बन्धी नीतिगत, कानुनी, संस्थागत, संरचनागत र प्रकृयागत अवस्थाको अध्ययन गर्ने ।
- औद्योगिक सम्पत्ति सम्बन्धी अन्तराष्ट्रिय काम कारबाही, सन्धी सम्झौता र प्रचलनको अध्ययन विश्लेषण गर्ने ।

- औद्योगिक सम्पत्तिको प्रशासन र प्रबर्द्धनमा देखा परेका समस्याहरुको पहिचान गरी त्यसको समाधानको लागि नीतिगत, कानुनी, संस्थागत, प्रकृयागत र ब्यवस्थापकीय सुझावहरु सहितको कार्ययोजना प्रस्तुत गर्ने ।

उल्लेखित उद्येश्यहरुका सम्वन्धमा औद्योगिक सम्पत्ति सम्बन्धी काम कारवाहीलाई थप प्रभावकारी बनाउन गठित अध्ययन समितिको निम्न कार्यक्षेत्रगत शर्तमा Terms of Reference (TOR) आधारित रहेको छ ।

१. औद्योगिक सम्पत्ति सम्बन्धी काम कारवाहीसँग सम्बन्धित नीतिगत, कानुनी, संस्थागत, संरचनागत र प्रकृयागत अवस्थाको अध्ययन गर्ने ।
२. औद्योगिक सम्पत्ति सम्बन्धी अन्तराष्ट्रिय काम कारवाही सन्धी सम्झौता र प्रचलनको अध्ययन विश्लेषण गरी हालसम्मको प्रगती विवरणको तुलनात्मक अध्ययन गर्ने ।
३. औद्योगिक सम्पत्ति सम्बन्धी काम कारवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक नीतिगत सुधार, संरचनात्मक सुधार, ब्यवस्थापकिय सुधार र प्रकृयागत सुधारको कार्यान्वयन योग्य सुझाव पेश गर्ने ।
४. औद्योगिक सम्पत्ति सम्बन्धी काम कारवाहीलाई थप प्रभावकारी बनाउन आवश्यक स्रोत साधन (जनशक्ति, वित्तिय, भौतिक र कार्यविधि) र सोका लागि मन्त्रालय, विभाग र अन्य सरोकारवाला निकायहरुको के कस्तो समन्वयात्मक भूमिका आवश्यक रहेको छ ? सोको पहिचान गर्ने ।
५. उपरोक्त विषयमा अध्ययन विश्लेषण गर्न गठित समितिमा तोकिए अनुसार विषय विज्ञ सदस्य आमन्त्रण गरी राय सुझाव तथा परामर्श लिने र प्राप्त सुझावहरुलाई के कसरी कार्यान्वयन गर्न सम्भव हुन्छ ? कार्य योजना सहितको सुझावहरु समेटिएको संयुक्त प्रतिवेदन पेश गर्ने ।

### १.४ अध्ययनको महत्व

औद्योगिक सम्पत्ति सम्बन्धी यस अध्ययनबाट औद्योगिक सम्पत्तिको प्रशासन तथा प्रबर्द्धनका लागि भएका नीतिगत, कानुनी, संस्थागत ब्यवस्थाको विषयमा जानकारी प्राप्त हुनेछ। बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धमा अन्तराष्ट्रिय सन्धि सम्झौतामा नेपालको आवद्धता र त्यस अनुरुप राष्ट्रिय कानुनमा भएको ब्यवस्था र प्रचलनको विषयमा विवेचना गर्ने तथा नेपाल आवद्ध हुँदा तुलनात्मक रुपमा लाभ हुने वा थप प्रभावकारी हुने भएमा सो को विश्लेषणले

बौद्धिक सम्पत्ति संरक्षणको सन्दर्भमा नेपालले चाल्नुपर्ने कदमका विषयमा जानकारी प्राप्त हुनेछ। नबप्रबर्तन र आविष्कारका धनीको अधिकारको संरक्षण गर्न तथा यस्ता सिर्जनाहरुको औद्योगिक उपयोगिता प्रबर्द्धन गर्नका लागि पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क लगायत अन्य विधाहरुको संरक्षणको प्रकृयालाई सरल र छिटोछरितो बनाउने कार्यमा प्रस्तुत अध्ययनले महत्वपूर्ण भूमिका खेल्नेछ।

## १.५ अध्ययनको विधि

- नेपालमा औद्योगिक सम्पत्तिको संरक्षणका लागि भएका नीति, ऐन, नियम, कानुन, कार्यबिधि, निर्देशिका तथा नेपाल पक्षराष्ट्र भएको अन्तराष्ट्रिय सन्धि सम्झौताहरुको अध्ययन तथा विश्लेषण,
- उद्योग विभागको औद्योगिक सम्पत्ति शाखाहरुको कार्य प्रक्रियाको अध्ययन तथा कानुनी उपचारको ब्यवस्थाको अध्ययन तथा विश्लेषण,
- बौद्धिक सम्पत्ति सम्बन्धी विभिन्न लेख, रचना, अध्ययन र अनुसन्धान प्रतिबेदनहरुको अध्ययन तथा विश्लेषण,
- विश्व बौद्धिक सम्पत्ति अधिकार संगठनको वेबसाईट तथा प्रकासनहरु, बौद्धिक सम्पत्ति प्रशासन प्रणाली (IPAS) को अध्ययन तथा विश्लेषण,
- औद्योगिक सम्पत्ति शाखाका कर्मचारीहरु, बौद्धिक सम्पत्ति सम्बन्धी विज्ञहरु, बौद्धिक सम्पत्तिका क्षेत्रमा कार्य गरेका पूर्व कर्मचारीहरु, यस क्षेत्रमा अभ्यासरत कानुन ब्यवसायीहरुसँग गरिएको छलफल तथा अन्तरक्रिया।

## १.६ अध्ययनको सीमा

बौद्धिक सम्पत्ति सम्बन्धी प्रचलित ऐन कानुन, अन्तराष्ट्रिय सन्धी सम्झौतामा नेपालको आवद्धता, बौद्धिक सम्पत्ति सम्बन्धी अन्य प्रकाशन र विगतका अध्ययन प्रतिवेदनहरुको अध्ययन तथा विश्लेषणका साथै औद्योगिक सम्पत्ति सम्बन्धी प्रस्तावित शाखाहरुको कार्य विवरण, कार्यक्रम, कार्यबोझ र कार्यप्रकृतिको अध्ययन विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ। समग्र बौद्धिक सम्पत्तिको अवस्थाको अध्ययन नभई औद्योगिक सम्पत्तिको खासगरी पेटेन्ट, डिजाईन तथा ट्रेडमार्कको विषयमा मात्र केन्द्रित भई अध्ययन गरिएको छ । उद्योग विभागवाट गठित तीन सदस्यीय कार्यदलका अतिरिक्त उद्योग विभागका कानुन शाखा र घरेलु तथा साना उद्योग शाखाका निर्देशकहरु, बौद्धिक सम्पत्ति सम्बन्धी

विषय विज्ञहरु र अन्य कर्मचारीहरुसँग बैठक बसी छलफल तथा अन्तरक्रिया गरी प्राप्त राय सुझावलाई समेत समावेश गरिएको छ ।

- नेपालमा बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी हालसम्म भएको नीतिगत, कानूनी, संरचनागत र कार्यगत वस्तुस्थितिको अध्ययनको आधारमा यो प्रतिवेदन तयार गरिएको छ।
- बौद्धिक सम्पतिका विविध विधाहरु मध्ये यस अध्ययनमा औद्योगिक सम्पत्तिहरु पेटेन्ट,डिजाईन तथा ट्रेडमार्कको संरक्षणको सन्दर्भमा मात्र सीमित गरिएको छ।
- कोभिड-१९ को संक्रमण उच्च भएको अवस्थामा आवश्यकता अनुसार समितिको बैठक बस्न र विज्ञहरुसँग पर्याप्त छलफल कुराकानी गर्न कठिनाई भएकोले ईमेल, फोन तथा सामाजिक संजाल मार्फत अध्ययनको विषयमा सूचना तथा जानकारीहरु आदान प्रदान गरिएको छ।
- यस अध्ययनमा बौद्धिक सम्पत्ति नीतिले परिकल्पना गरेको छुट्टै छाता कानुन र संस्थागत संरचनाको परिकल्पनाको आधारमा नभई अहिले भईरहेको कानुन र संरचनामा कसरी सुधार गर्न सकिन्छ र औद्योगिक सम्पत्ति प्रशासन तथा त्यसको उजुरी गुनासो फछ्र्यौटको सेवा प्रबाहलाई थप प्रभावकारी बनाउन सकिन्छ भन्ने तर्फ केन्द्रित रहेको छ।

**भाग- २**

## नीतिगत तथा कानूनी ब्यवस्था

२.१ नीतिगत ब्यवस्था: नेपालको संविधान र नीतिहरु

**नेपालको संविधान, २०७२ को धारा २५ मा भएको ब्यवस्था:**

सम्पत्तिको हक अन्तर्गत बौद्धिक सम्पत्तिलाई मौलिक हकको रुपमा राखिएको,

“प्रत्येक नागरिकलाई कानुनको अधिनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचविखन गर्ने, व्यवसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोवार गर्ने हक हुनेछ।”

स्पष्टिकरण: यस धाराको प्रयोजनको लागि “सम्पत्ति” भन्नाले चल अचल लगायत सबै प्रकारको सम्पत्ति सम्झनु पर्छ र सो शब्दले बौद्धिक सम्पत्ति समेतलाई सम्झनु पर्दछ ।

नेपालको संविधान, २०७२ को अनुसूचि ५ को क्रम संख्या २४: संघको अधिकार: अन्तर्गत बौद्धिक सम्पत्ति (पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क र प्रतिलिपि अधिकार समेत) लाई संघको कार्यक्षेत्र र अधिकार अन्तर्गत राखेको छ। प्रदेश र स्थानीय तहले बौद्धिक सम्पत्तिको संरक्षण र प्रबर्द्धनका लागि कार्य गर्न सक्ने ब्यवस्था रहेको छ ।

**नीतिहरु:**

- औद्योगिक नीति, २०६७
- वाणिज्य नीति, २०७२
- राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३
- राष्ट्रिय विज्ञान तथा नवप्रवर्तन नीति, २०७६

**औद्योगिक नीति,२०६७ मा बौद्धिक सम्पत्ति सम्बन्धी ब्यवस्था उद्धेश्य:**

- औद्योगिक बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्ने ।

**नीतिहरु:**

- बौद्धिक सम्पत्ति अधिकार संरक्षणको लागि प्रभावकारी निकाय स्थापना गर्ने।
- बौद्धिक सम्पत्तिको प्रयोग गर्न उद्यमीलाई विशेष प्रोत्साहन गरिनेछ ।

**रणनीतिहरु**:

- ट्रेडमार्कको प्रयोग गरी करार उत्पादन गर्न सकिने ।
- करारमा माध्यमिक बस्तु उत्पादन गर्न प्रोत्साहन गर्ने ।
- बौद्धिक सम्पत्ति सम्बन्धी प्राधिकरणको स्थापना गर्ने ।
- बौद्धिक सम्पत्ति संरक्षण कार्यालय स्थापना गर्ने ।

**वाणिज्य नीति, २०७२ मा भएको ब्यवस्था**

**उद्येश्यहरु:**

- क्षेत्रिय तथा विश्व बजारमा वस्तु, सेवा र बौद्धिक सम्पत्तिको पहूँचमा बृद्धि गर्ने ।

**अन्य ब्यवस्थाहरु:**

- बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गरी नेपाली वस्तुको राष्ट्रिय अन्तराष्ट्रिय पहुँच बढाउने। व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको अधिकार (ट्रिप्स) अन्तर्गत हस्तकला, चिया, कफी, गलैंचा, पस्मिना, महजस्ता निकासीजन्य वस्तुको भौगोलिक सांकेतीकरण (जोग्राफिकल इन्डिकेसन)सम्बन्धी अधिकार कायम गर्न पहल गरिने उल्लेख छ ।
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकारलाई संरक्षण र प्रबर्धनका लागि कार्यक्रम सञ्चालन गरिने, निर्यात सम्भाव्य वस्तुहरूको भौगोलिक सांकेतीकरण, ट्रेडमार्क, सामूहिक व्यापार चिह्न, डिजाइन, पेटेन्ट, गोप्य व्यापारिक सूचनाहरू, प्रतिलिपि अधिकारलगायतका बौद्धिक सम्पत्ति सम्बन्धी अधिकार लगायत बौद्धिक सम्पत्तिको अन्तर्राष्ट्रिय बजारमा दर्ता संरक्षणका लागि प्रोत्साहन, सहयोग र समन्वय गरिने उल्लेख छ ।

## राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३

- दुरदृष्टि(Vision): बौद्धिक सम्पत्ति अधिकारको संरक्षण र प्रबर्द्धनको माध्यमवाट नेपाललाई सिर्जनशिल राष्ट्रको रुपमा स्थापित गर्ने ।
- परिदृश्य(Mission): बौद्धिक सम्पत्तिका विभिन्न विधाहरुको संरक्षण सम्बर्द्धन र उपयोग गर्दै आर्थिक समृद्धि हासिल गर्ने ।
- लक्ष्य(Goal): बौद्धिक सम्पत्तिको संरक्षण प्रवर्द्धन एबं उपयोगद्धारा नेपाली समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक समुन्नती हाँसिल गर्ने ।

उद्येश्यहरु :

- बौद्धिक सम्पत्ति अधिकारको संरक्षण प्रबर्द्धन तथा विकासलाई प्रोत्साहन गर्ने ।
- बौद्धिक सम्पत्तिको सर्जक तथा सामाजिक हितका वीचमा सन्तुलित प्रणालीको विकास गर्ने।
- समाजको आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्मुन्नतिका लागि बौद्धिक सम्पत्तिको महत्व बारे जनस्तरमा जनचेतना अभिबृद्धि गर्ने ।

- बौद्धिक सम्पत्तिका विधाहरुको व्यवसायिकरणका लागि प्रोत्साहित गर्ने ।
- बौद्धिक सम्पत्तिको संरक्षण तथा अधिकार प्रचलनका (Enforcement) लागि सशक्त कानुनी, संस्थागत तथा मानव स्रोतको विकास गर्ने ।

## राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ का मुख्य विशेषता

- बौद्धिक सम्पत्ति संरक्षणको नीतिगत, संस्थागत र कानुनी व्यवस्था गर्ने ब्यवस्था,
- बौद्धिक सम्पत्तिका पछिल्ला विधाहरुलाई समेटिएको: भौगोलिक संकेत, परम्परागत ज्ञान र सांस्कृतिक,उपयोगी नमूना, ईन्टिग्रेटेड सर्किट लेआउट डिजाईन, विरुवाको नयाँ प्रजातीको संरक्षण, ब्यापारिक गोप्यता,बौद्धिक सम्पत्ति जनित आनुबांशिक स्रोत र जैविक विविधता संरक्षण आदि,
- उद्योग व्यवसायको प्रतिष्पर्धात्मक क्षमता तथा उत्पादकत्व बढाउन बौद्धिक सम्पत्तिलाई सबल उपकरणको रुपमा लिईएको,
- प्रविधि हस्तान्तरण र विदेशी लगानी आकर्षण गर्न बौद्धिक सम्पत्तिको उपयोग गर्ने नीति,
- छुट्टै एकिकृत बौद्धिक सम्पत्ति कार्यालयको परिकल्पना,
- बौद्धिक सम्पत्तिको प्रचलन र प्रवर्द्धन गरी सचेतना जगाउने नीति,
- उद्योग मन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय बौद्धिक सम्पत्ति परिषद्को स्थापना,
- बौद्धिक सम्पत्ति प्रबर्द्धन कोष तथा सूचना सेवा केन्द्रको स्थापना,

## राष्ट्रिय विज्ञान तथा नवप्रवर्तन नीति, २०७६

- बैज्ञानिक अनुसन्धान,प्रविधि विकास र नव-प्रवर्तनलाई उच्च प्राथमिकताका साथ लगानी सुनिश्चित गर्ने ।
- विज्ञान प्रविधि तथा नवप्रवर्तनको माध्यमबाट उत्पादकत्व र उत्पादनको गुणस्तर अभिबृद्धि गरी आर्थिक बृद्धिमा सहयोग पुर्याउने।
- बैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नव-प्रवर्तनको प्रबर्द्धन गर्न प्राज्ञिक संस्था, अनुसन्धान निकाय तथा औद्योगिक प्रतिष्ठान बीच सहकार्य र साझेदारी विकास गर्ने।

- बौद्धिक सम्पत्ति अधिकारको संरक्षण गर्न, नवप्रवर्तन र आविष्कारलाई प्रोत्साहन र प्रबर्द्धन गर्न छुट्टै समर्पित निकाय नभएको, बैज्ञानिक अनुसन्धान, प्रविधि विकास र नवप्रवर्तनमा कुल ग्राहस्थ उत्पादनको (GDP) को ०.३५% मात्र लगानी भएको, अनुसन्धान र विकासलाई (R&D) औद्योगिक विकास र उद्यमशिलतासँग जोड्न नसक्नु र बैज्ञानिक अनुसन्धान प्रविधि विकास सम्बन्धी बौद्धिक सम्पत्ति अधिकारलाई संरक्षण गर्ने कानुनहरु सम्बन्धित निकायबाट निर्माण गरी लागू गरिनेछ भनी बर्तमानमा रहेका समस्याको समाधानका उपायहरु उल्लेख गरिएको छ।

**२.२ पन्ध्रौं योजना** (आ. व.२०७६।७७-२०८०।८१)

समृद्ध नेपाल सुखी नेपालीको दीर्घकालिन सोच लिएको पन्ध्रौं योजनाले सम्मुनत, स्वाधिन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर प्राप्त स्वस्थ्य, शिक्षित, सम्मानित, मर्यादित र उच्चजीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने मुलुकको रुपमा चिनाउने लक्ष्य लिएको छ। समृद्धिको सूचकमा मानवपूँजी निर्माण तथा सम्भावनाको पूर्ण उपयोग गर्ने कुरा उल्लेख छ।रुपान्तरणका प्रमुख संवाहकमा बौद्धिक सम्पत्तिको अधिकार संरक्षण गरी नवप्रबर्तनको प्रबर्द्धन गरिएको हुनेछ र प्रविधिक हिसावले कुशल नवप्रबर्तनशिल हुने गरी युवा उद्यमशिलताको विकास गरिनेछ भनी उद्योग, बाणिज्य तर्फको दीर्घकालिन रणनीतिहरु लिईएको छ।

आविष्कार र नवप्रबर्तनका लागि उपर्युक्त वातावरण सिर्जना गर्न लगानी तथा बौद्धिक सम्पत्तिको अधिकार सम्बन्धी कानुनी तथा संस्थागत ब्यवस्था सहितको स्वचालित संयन्त्र र युवा उद्यमीलाई जोखिम बहन गर्नका लागि प्रोत्साहन गर्न विभिन्न कोषहरुको ब्यवस्था गरिनेछ।निजीक्षेत्रको सहकार्यमा उद्यमशिलता विकास केन्द्रहरुको स्थापना गरिनेछ।नेपालबाट दर्ता भएका बौद्धिक अधिकार सम्बन्धित पेटेन्ट, डिजाईन भौगोलिक पहिचान औद्योगिक डिजाईन युटिलिटी मोडल ट्रेडमार्क कपिराईट आदिको संख्या अन्तराष्ट्रिय बौद्धिक सम्पत्ति संस्थाको विश्वब्यापि डाटाबेसमा उल्लेख्य बृद्धि गर्ने।तथ्य र ज्ञानमा आधारित विकासका माध्यमबाट असल, सिर्जनशिल र विश्लेषणात्मक सीपयुक्त जनशक्ति विकास गरी समृद्ध राष्ट्र निर्माण गर्नका लागि विज्ञान प्रविधि र अनुसन्धानमा कुल ग्राहस्थ उत्पादनको ३.५ प्रतिशत लगानी गरिनेछ।यसले गर्दा अनुसन्धान तथा विकासका लागि शैक्षिक प्रणालीमा सुधार, अनुसन्धान तथा विकासलाई प्रोत्साहन, सिर्जनशिलता, सिर्जनाको संरक्षण

र संम्बर्द्धन गरिनेछ। अनुसन्धानबाट प्राप्त नतिजाहरुको आधारमा बस्तु तथा सेवाको गुणस्तर अभिबृद्धि गर्ने प्रणालीको विकास गरिनेछ। अनुसन्धान तथा विकासको लागि आवश्यक तथ्याङ्क प्रणालीको सुदृढिकरण गरिनेछ।

**उद्यमशिलता विकास र बौद्धिक सम्पत्ति**

उद्यमशिल संस्कृतिको विकासले सिर्जनशिल कार्यलाई आर्थिक क्रियाकलापमा जोड्न मद्यत गर्ने कुरालाई स्वीकार गरी उद्यमशिलता विकास,नवप्रबर्तन, परम्परागत ज्ञानको उपयोगमा सहयोग पुग्ने गरी विद्यमान नीति तथा कानुनहरु परिमार्जन गरिनेछ। नविन आविष्कारजन्य ज्ञान, सीप र क्षमता सम्बन्धी उद्यम प्रबर्द्धन गर्न तहगत सरकारको सह-लगानीमा बैंक र वित्तिय संस्थाहरु मार्फत सिर्जनशिल वित्तिय कोषमा (Innovative Financing Fund) को स्थापना र प्रतिस्पर्धी खुला कोष (Challenge Fund) को प्रभावकारी उपयोग गरिनेछ। उद्यमीहरुको सिर्जनशिलता र नवप्रबर्तनको बौद्धिक सम्पत्ति अधिकार संरक्षणको सुनिश्चितता गरिनेछ।

**उद्योग, बाणिज्य तथा आपूर्ति र बौद्धिक सम्पत्ति**

लगानीमैत्री वातावरण निर्माण गरी औद्योगिकरणलाई तिब्रता दिन बौद्धिक सम्पत्ति ऐन तर्जुमा गर्ने कुरा उल्लेख छ। नेपाली बस्तुलाई लेवलिङ्ग र ब्राण्डिङ्ग गरी निर्यात बृद्धि गर्नु, अन्तराष्ट्रिय ब्यापारलाई प्रतिष्पर्धी र ब्यापक गराउन देशगत र बस्तुगत ब्यापार विविधिकरण तथा बस्तु प्रमाणिकरण लेवलिङ्ग ब्राण्डिङ्ग गरी गुणस्तरियता अभिबृद्ध गर्नु र बौद्धिक सम्पत्तिको संरक्षण र सम्बर्द्धन गर्नुलाई चुनौतीको रुपमा लिईएको छ। योजनाले लिएका रणनीति र कार्यनीतिहरुमा ब्यापार सम्बद्ध बौद्धिक सम्पत्ति सम्बन्धी अधिकारको अन्तराष्ट्रिय बजारमा संरक्षण र प्रबर्द्धन गर्ने, औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण र प्रबर्द्धन गर्न कानुनी र संस्थागत ब्यवस्थालाई सुदृढ बनाईने,स्थानीय तथा परम्परागत ज्ञान र सीपमा आधारित बस्तुहरुको बौद्धिक सम्पत्ति संरक्षणका लागि आवश्यक ब्यवस्था गरिनेछ र निर्यात सम्भ्याब्यता बस्तुहरुको बौद्धिक सम्पत्ति अन्य मुलुकमा दर्ता, संरक्षण र प्रबर्द्धन गर्न आवश्यक सहयोग गरिनेछ।

**मानव संशाधन विकास, अनुसन्धान तथा विकास र बौद्धिक सम्पत्ति**

बैज्ञानिक अध्ययन र अनुसन्धान एबं विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकासमा लगानी अभिबृद्धि गर्ने तथा बैज्ञानिक, प्राविधिक, बौद्धिक र विशिष्ट प्रतिभाहरुको संरक्षण गर्ने राज्यको नीति रहेको छ। अध्ययन र अनुसन्धानलाई उच्च महत्व नदिनु,अध्ययन र अनुसन्धानको लागि संस्थागत संयन्त्र तथा अन्तरनिकाय समन्वय कमजोर हुनुलाई समस्याको रुपमा र अनुसन्धान तथा विकासको कार्य अत्यन्त सघन र बौद्धिक कार्य समेत रहेकोले त्यसलाई ज्ञानमा आधारित भविश्यको सम्पत्ति (Knowledge based future property) को रुपमा सिर्जना गर्नसक्नुलाई चुनौतीको रुपमा लिईएको छ। अनुसन्धान र विकासलाई ज्ञानको भण्डार (State of the Innovative Knowledge) को रुपमा विकास गर्नु लक्ष्य लिईएको र सो लक्ष्य पुरा भएमा अध्ययन अनुसन्धान र विकासबाट औद्योगिक क्षेत्रको उत्पादनमा सहयोग पुगेको हुनेछ भन्ने अपेक्षित परिणाम आंकलन गरिएको छ ।

२.३ ऐन, नियम र सम्झौताहरु

- पेटेण्ट, डिजाईन तथा ट्रेडमार्क ऐन,२०२२
  (चौंथो संशोधन- २०७४)
- प्रतिलिपि अधिकार ऐन, २०५९
- प्रतिलिपि अधिकार नियमावली, २०६१
- ट्रेडमार्क कार्य संचालन दिग्दर्शन, २०७२
- कलेक्टिभ मार्कको दर्ता सम्बन्धी निर्देशिका, २०६७

**अन्य सम्बन्धित कानुनहरुः**

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन,२०७५
- मुलुकी देवानी संहिता, २०७४
- सूचनाको हक सम्बन्धी ऐन, २०६४
- औद्योगिक ब्यवसाय ऐन,२०७६
- नेपाल गुणस्तर प्रमाण चिन्ह ऐन (Certification Mark Act, 1980)
- भन्सार ऐन, २०६४,
- कम्पनी ऐन, २०६३
- उपभोक्ता संरक्षण ऐन, २०७५
- कालो बजारी नियन्त्रण ऐन, २०३२

- निकासी पैठारी नियन्त्रण ऐन, २०१३
- मदिरा ऐन, २०३१
- साझेदारी ऐन, २०२०
- प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४
- बस्तुको प्रत्यक्ष बिक्री व्यवस्थापन तथा नियमन गर्ने ऐन,२०७४
- संस्था दर्ता ऐन, २०३४
- सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन) गर्ने ऐन, २०६८

## नेपाल पक्षराष्ट्र भएका सन्धी सम्झौताहरु तथा सदस्यता

•(Paris Convention for the Protection of Industrial Property), १८८३

•(Berne Convention for the Protection of Literary and Artistic Works),१८८६

•WIPO Convention (World Intellectual Property Organization –WIPO),१९९७

• Agreement on Trade Related Aspects of Intellectual Property Rights (TRIPs ), २००४

## पेटेन्ट,डिजाईन तथा ट्रेडमार्क ऐन,२०२२ मा भएका मुख्य ब्यवस्था

- दर्ताको आधारमा औद्योगिक सम्पत्तिको खासगरी पेटेन्ट डिजाईन र ट्रेडमार्क संरक्षण गरेको,
- ग्राह्यता मितिको सुविधा,
- विदेशी औद्योगिक सम्पत्तिलाई पनि दर्ता भएको आधारमा संरक्षण प्रदान गरिएको, (No registration,No protection)
- औद्योगिक सम्पत्ति प्रशासन गर्नेमुख्य जिम्मेवारी उद्योग विभाग तोकिएको,
- उद्योग विभागले प्रशासनिक कार्य र अर्ध न्यायिक निकायको समेत काम गर्ने,
- तोकिएको विभिन्न आधारमा औद्योगिक सम्पत्ति दर्ता गर्न ईन्कार गर्न सक्ने ब्यवस्था,
- दावीविरोधको लागि औद्योगिक सम्पत्ति बुलेटिन प्रकाशन,
- औद्योगिक सम्पत्तिको नविकरण, नामसारी, अभिलेखिकरण लगायतका कार्यहरु गरिने,
- उद्योग विभागले पहिलो कोर्ट बराबरको अधिकार प्रयोग गरी फैसला गर्ने आदि ।

## औद्योगिक ब्यवसाय ऐन, २०७६

- दफा२४ मा आयकर सम्बन्धी छुट,सुविधा वा सहुलियत सम्बन्धी व्यबस्थामा बौद्धिक सम्पत्तिको संरक्षण गर्दा विभिन्न छुट,सुविधा र सहुलियतको ब्यवस्था गरेको छ,

- उपदफा २ (च) मा कुनै ब्यक्तिले बौद्धिक सम्पत्ति निर्यात वापत प्राप्त रोयल्टी आयमा लाग्ने आयकरको दरमा पच्चिस प्रतिशतले छुट,
- उपदफा २ (छ) मा कुनै ब्यक्तिले बौद्धिक सम्पत्तिको हस्तान्तरणद्धारा बिक्री गरी प्राप्त गरेको आयमा लाग्ने आयकरको दरमा पचास प्रतिशतले छुट,
- उद्योगले नेपालमा दर्ता भएको बौद्धिक सम्पत्ति अन्तर्गतको औद्योगिक सम्पत्तिको स्वदेशमा संरक्षण गर्दा लागेको खर्च आयकर प्रयोजनको लागि कट्टि गर्न पाउने,
- उद्योगले आफूले प्राप्त गरेको बौद्धिक सम्पत्ति संरक्षणका लागि विदेशमा दर्ता गर्दा लागेको शुल्क आयकर प्रयोजनका लागि खर्च कट्टी गर्न पाउने,
- दफा २७ मा महिला उद्यमीका लागि थप सुविधा अन्तर्गत उपदफा २ मा प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि महिला उद्यमीको मात्र स्वामित्वमा रहने गरी दर्ता भएको उद्योगमा प्रयोग गरिने औद्योगिक सम्पत्ति दर्ता गराउँदा प्रचलित कानुन बमोजिम लाग्ने दस्तुरमा बीस प्रतिशत छुट हुनेछ ।

**कम्पनी ऐन, २०६३ को दफा ६ को उपदफा १ (क) अनुसार**

कम्पनी दर्ता ईन्कार गर्न सकिने ब्यवस्था: प्रस्तावित कम्पनीको नाम अघि दर्ता भई कायम रहेको कुनै कम्पनीको नाम वा ट्रेडमार्कको नामसँग मिल्ने भएमा वा भ्रम सिर्जना हुन सक्ने गरी त्यस्तो कम्पनीको नाम वा ट्रेडमार्कको नामसँग मिल्दोजुल्दो हुने भएमा कार्यालयले कम्पनी दर्ता गर्न ईन्कार गर्न सक्नेछ ।

**भन्सार ऐन, २०६४**

दफा ६८ मा बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लघंन गरी निकासी वा पैठारी हुन लागेको मालबस्तु रोक्का गर्न निबेदन दिन सक्ने ब्यवस्था रहेको छ। उपदफा (१) मा प्रचलित कानुन बमोजिम कुनै ब्यक्तिले प्राप्त गरेको पेटेन्ट डिजाईन र ट्रेडमार्क प्रतिलिपि अधिकारजस्ता बौद्धिक सम्पत्ति उपरको अधिकार उल्लंघन गरी कसैले कुनै मालबस्तु पैठारी वा निकासी गर्न लागेमा सरोकारवाला ब्यक्तिले त्यस्तो निकाशी वा पैठारी रोक्का गर्न प्रमाण सहित सम्बन्धित भन्सार अधिकृत समक्ष निवेदन दिन सक्नेछ। उपदफा २ मा उपदफा १ बमोजिम निबेदन परेमा सम्बन्धित भन्सार अधिकृतले त्यस्तो मालबस्तु भन्सार कार्यालयमा रोक्का राखी सो सम्बन्धमा आवश्यक कारवाहीको लागि सम्बन्धित निकाय वा अधिकारी

समक्ष लेखी पठाउनु पर्नेछ। उपदफा ३ मा उपदफा २ बमोजिम लेखि आएमा त्यस्तो निकाय वा अधिकारीले सो सम्बन्धमा प्रचलित कानुन बमोजिम कारवाही टुङ्गो लगाई भन्सार कार्यालयलाई जानकारी दिनु पर्नेछ। उपदफा ४ मा उपदफा ३ बमोजिमको निकाय वा अधिकारीले प्रचलित कानुन बमोजिम कारवाही गर्दा त्यस्ता मालबस्तु जफत हुने ठहर गरेमा भन्सार अधिकृतले सो मालबस्तु त्यस्तो निकाय वा अधिकारीसमक्ष बुझाई दिनु पर्नेछ ।

**विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५**

ऐनको परिभाषा खण्डमा प्रविधि हस्तान्तरण भन्नाले उद्योग र विदेशी लगानी कर्ता बीच देहायको कुराको सम्बन्धमा सम्झौता गरी गरिने प्रविधिको हस्तान्तरण सम्झनु पर्दछ।

१. पेटेन्ट, डिजाईन, ट्रेडमार्क, ब्यापारिक ख्याती (गुडवील), प्राविधिक विशिष्टता, सुत्र (फर्मुला) र प्रकृया,
२. उपयोग ईजाजत (युजर्स लाईसेन्स) प्राविधिक जानकारी प्रदान (नो हाउ सेयरिङ्ग) वा प्राविधिक ज्ञानको प्रयोग (फ्रेन्चाईज),
३. वैदेशिक प्राविधिक सल्लाहकार,ब्यवस्थापन तथा बजार सेवा उपलब्ध गराउने वा अन्य प्राविधिक सीप वा ज्ञान ।

विदेशी लगानी भन्नाले विदेशी लगानी कर्ताले उद्योग वा कम्पनीमा गरेको लगानीमा प्रविधि हस्तान्तरणद्धारा भएको लगानीलाई समेटिएको छ । दफा ३३ मा राष्ट्रिय ब्यवहार गरिने ब्यवस्थामा विश्वब्यापार संगठन अन्तर्गत गरिएका सम्झौतामा उल्लेखित बौद्धिक सम्पत्तिको सिर्जना, त्यसका सीमा, हक हस्तान्तरण वा प्रयोगमा अनिवार्य अनुमती लिनुपर्ने (कम्पलसरी लाईसेन्सिङ्ग) अवस्थामा राष्ट्रिय ब्यवहार नगरिने कुरा उल्लेख छ ।

## निकाशी पैठारी (नियन्त्रण) ऐन, २०१३

ऐनको दफा ३ (ण) ले पेटेण्ट, ट्रेडमार्क, प्रतिलिपि अधिकार,औद्योगिक विज्ञापन, भौगोलिक पहिचान, गोप्य सूचना जस्ता बौद्धिक सम्पत्तिको संरक्षण गर्नका लागि निकाशी पैठारीलाई मनाही वा नियन्त्रण गर्न नेपाल सरकारलाई अधिकार प्रदान गरेको छ। भौगोलिक चिन्हको सन्दर्भमा नेपालका कुन कुन क्षेत्रबाट उत्पादित हुने कुन कुन बस्तुहरुको संरक्षण हुनुपर्ने हो, नेपाल सरकारले सो बस्तुहरु सूचिकृत गरी संरक्षणका लागि कानुन समेत बनाउनु पर्ने अवस्था छ ।

**मुलुकी देवानी संहिता, २०७४**

दफा २५४ र २५६ मा बौद्धिक सम्पत्तिलाई अन्य सम्पत्ति सरह हैसियत प्रदान गरेको छ।

**अन्तशुल्क निर्देशिका, २०६८ को परिमार्जन २०७६**

अनुसार अन्तशुल्क लाग्ने कुनै नयाँ उत्पादन तथा ब्राण्डको ईजाजत सम्बन्धी ब्यवस्थामा उद्योग विभागबाट ट्रेडमार्क प्रमाणपत्र प्राप्त भएपछि मात्र आन्तरिक राजस्व विभागमा स्वीकृति माग गर्नु पर्ने प्रावधान रहेको छ । ट्रेडमार्क प्राप्त भैनसकेको अवस्थामा उद्योग विभागले ट्रेडमार्क दर्ता प्रयोजनका लागि औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना प्रकाशन गर्ने निर्णय गरी सो को जानकारी आन्तरिक राजस्व विभागलाई गराएमा उक्त पत्रका आधारमा नयाँ बस्तु वा ब्राण्ड उत्पादन अनुमती प्रदान गर्ने  व्यवस्था रहेको छ ।

**सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन, २०६८**

ऐनको दफा ७ मा सूर्तिजन्य पदार्थको उत्पादन तथा बिक्री वितरण गर्दा लेबल, ट्रेडमार्क, -र्यापर्स तथा प्याकिङ्ग गर्दा निम्न विवरण खुलाउनु पर्ने कुरा उल्लेख छ,

क. प्रचलित कानुन बमोजिम दर्ता गराईएको लेबुल तथा ट्रेडमार्क चिन्ह

ख. उत्पादको नाम ठेगाना र सूर्तिजन्य पदार्थमा रहेको निकोटिनको मात्रा

ग. तोकिएका अन्य हानिकारक तत्व एबं आवश्यक कुराहरु

उत्पादकले सूर्तिजन्य पदार्थको प्याकेट तथा -र्यापर्समा नावालकलाई आकर्षण गर्ने कुनै पनि किसिमको लोगो चिन्ह शब्द र चित्र राख्न पाउने छैन । कसैले अन्य उद्योग तथा उत्पादनको ब्राण्ड तथा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न पाउने छैन भन्ने ब्यवस्था रहेको छ ।

**सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) नियमावली, २०६८**

नियम ६ मा प्याकेट र्यापरमा उल्लेख गर्न नहुने कुरामा सूर्तिजन्य पदार्थको विज्ञापन वा प्रबर्द्धन हुने गरी लेबुल वा ट्रेडमार्क चिन्ह अंकित गर्न नपाईने कुरा उल्लेख गरिएको छ ।

**बस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी नियमावली, २०७६**

नियमावलीको अनुसूचि-१ मा प्रत्यक्ष बिक्री वा वितरणको लागि ईजाजतपत्र प्रदान नगरिने वस्तु अन्तर्गत बुँदा नम्बर ट्रेडमार्क दर्ता नगरिएका वस्तुलाई राखिएको छ ।

**सूचनाको हक सम्बन्धी ऐन, २०६४ मा भएको ब्यवस्था**

ऐनको दफा ३ को उपदफा ३ (ग) अनुसार सार्वजनिक निकायमा रहेको बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धि सूचनाहरु सूचनाको हक सम्बन्धी प्रयोजनका लागि प्रवाह गरिने छैन भन्ने ब्यवस्था रहेको छ। बौद्धिक सम्पत्तिलाई अन्य सम्पत्ति सरह मानिएकोले बौद्धिक सम्पत्तिलाई गोपनिय राख्नुपर्ने भनी ब्याख्या गरिएको छ ।

**उपभोक्ता हित संरक्षण ऐन,२०७५ तथा नियमावलीमा भएको ब्यवस्था**

परिभाषा खण्डको त्रुटीपूर्ण उत्पादनमा बौद्धिक सम्पत्तिको अधिकार प्राप्त उत्पादन कम्पनीले उत्पादन गरेको भन्दा भन्दा फरक वा चोरी वा नक्कल गरेको उत्पादन भनी परिभाषित गरेको छ । दफा ६ मा लेवल नलगाईएको बस्तु नेपालमा पैठारी र बिक्री गर्न पाईने छैन भनिएको छ र अनुसूचि ३.१२ मा अनुगमन गर्दा बस्तुको बिक्रीमा ट्रेडमार्क लगायतका बौद्धिक सम्पत्तिको चोरी वा नक्कल गरेको वा नगरेको हेर्नुपर्ने ब्यवस्था रहेको छ ।

**निर्यातमा अनुदान प्रदान गर्ने कार्यविधि,२०७५**

कार्यविधिको दफा ३ को उपदफा ३ मा नेपाल सरकारले राष्ट्रिय स्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको वस्तुको निर्यातमा सो अनुसूचिमा उल्लेख भएको प्रतिशतमा एक प्रतिशत थप अनुदान रकम उपलब्ध गराउनेछ । अनुसूचि-२ मा सूचिकृत वस्तुहरुको उत्पादनको कुल निर्यात मूल्यमा ३ प्रतिशत नगद अनुदान दिने र ती वस्तुहरुमा राष्ट्रिय स्तरको सामूहिक ट्रेडमार्क दर्ता गरेको भए थप १ प्रतिशत अनुदान दिने ब्यवस्था छ ।

**ब्यापार घाटा न्यूनिकरण गर्ने कार्ययोजना, २०७६**

नेपाल एकिकृत ब्यापार रणनीति (NTIS) २०१६ मा समाबेश भएका ९ वटा बस्तुको कम्तिमा ५ वटा मुलुकमा सामूहिक चिन्ह दर्ता गर्ने लक्ष्य राखिएको छ ।

**नवप्रबर्तन शुरुवाती पूँजी अनुदान कार्यविधि, २०७६**

नविनतम ज्ञान, सीप र क्षमता भएका आविष्कार कर्ता उद्यमी ब्यवसायी ब्यक्ति वा संस्थालाई त्यस्तो उद्यम तथा ब्यवसाय संचालन गर्नको लागि शुरुवाती पूँजीको रुपमा अनुदान उपलब्ध गराउने सम्बन्धी यस कार्यविधि अनुसार कुल लागतको बढीमा ५० प्रतिशत सम्ममा नबढ्ने गरी अधिकतम ५० लाख रुपैयासम्म मन्त्रालयले अनुदान प्रदान गर्न सक्नेछ।

कोरोनाको कारण उत्पन्न ब्यवसायिक अवसर उपयोग गर्न नवप्रबर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी ब्यवसायीलाई २ प्रतिशत ब्याजदरमा कर्जाको रुपमा पूँजी उपलब्ध गराउने कुरा आर्थिक बर्ष २०७७।७८ को बजेट बक्तब्यको बुँदा नम्बर ५९ मा उल्लेख भए बमोजिम राष्ट्रिय योजना आयोगबाट सार्वजनिक सूचना आह्वान भैसकेको छ।

**आर्थिक बर्ष २०७७।७८ को नीति तथा कार्यक्रम र बजेट बक्तब्यमा बौद्धिक सम्पत्ति**

- बैज्ञानिक अनुसन्धान, प्रविधिको विकास तथा नवप्रवर्तन एबं बौद्धिक प्रतिभालाई प्रोत्साहन लगायतका कार्यहरु समाबेश गरिनेछ। नयाँ प्रविधि र ज्ञानको विकास एबं विस्तारको लागि अनुकूल वातावरण सिर्जना गरी लगानी बृद्धि गरिनेछ।
- एउटै वस्तु उत्पादन गर्ने उत्पादकहरुको समूह बनाई सामूहिक ट्रेडमार्क प्रयोग गरिनेछ।
- कोरोनाका कारण उत्पन्न ब्यवसायिक अवसरको उपयोग गर्न नवप्रवर्तनकारी कार्यमा लगानी प्रोत्साहन गर्न चाहने उद्यमी ब्यवसायीलाई २% ब्याजदरमा उपलब्ध गराईने नवप्रवर्तन सुरुवाती पूँजीका लागि रु. ५० करोड ब्यवस्था गरिएको छ।
- स्वदेशी कच्चापदार्थ प्रयोग गरी आन्तरिक उत्पादन बृद्धि गर्न सामूहिक ट्रेडमार्क प्रयोग गर्न पाउने ब्यवस्था गरिनेछ।
- चिया,कफी,अर्ग्यानिक तरकारी, पिउने पानी तथा जडिबुटीजन्य बस्तुको उत्पादनलाई ब्राण्डिङ्ग गरी निकाशी गर्न प्रोत्साहन गरिनेछ।
- निजीक्षेत्रको नवप्रबर्तन,सक्षमता,स्रोत साधन एबं उद्यमशिलताको पूर्ण उपयोग गर्दै आर्थिक क्षमता बढाउने ।

## २.५ संस्थागत तथा संरचनात्मक ब्यवस्था

### उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय:

नेपाल सरकार (कार्य-विभाजन) नियमावली, २०७४ अनुसार बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी कार्य उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यक्षेत्र भित्र परेको छ, मन्बालयले पेटेन्ट डिजाईन ट्रेडमार्क भौगोलिक संकेत तथा औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धी नीति कानुन मापदण्ड कार्यान्वयन र प्रबर्द्धन एबं सो सम्बन्धी अन्तराष्ट्रिय संघ संस्थासँग सम्पर्क र समन्वयको कार्य गर्दछ। मन्त्रालयमा  नीतिगत सहजीकरणका लागि औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा रहेको छ। उक्त महाशाखाका कार्यहरु देहाय अनुसार रहेका छन् ।

- औद्योगिक बौद्धिक सम्पत्ति सम्बन्धी नीति तथा मापदण्ड निर्माण सम्बन्धी कार्यहरु,
- औद्योगिक बौद्धिक सम्पत्तिको प्रबर्द्धन सम्बन्धी कार्यहरु,
- ब्यापार सम्बद्ध बौद्धिक सम्पत्ति (Trade Related Intellectual Property-TRIPS) सम्बन्धी कार्यहरू,
- औद्योगिक बौद्धिक सम्पत्तिको नियमन र अनुगमन सम्बन्धी कार्यहरू,
- बौद्धिक सम्पत्ति सम्बन्धी अन्य सरोकारवाला निकायसँग समन्वय सम्बन्धी कार्यहरु,
- World Intellectual Property Organization (WIPO) को सम्पर्क विन्दु सम्बन्धी कार्यहरु,
- राष्ट्रिय बौद्धिक सम्पत्तिको अनुसन्धान र विकास सम्बन्धी कार्यहरु,
- बौद्धिक सम्पत्ति सम्बन्धी कानुनको तर्जुमा तथा कार्यान्वयन सहजीकरण सम्बन्धी कार्यहरु,
- बौद्धिक सम्पत्ति सम्बन्धी क्षमता विकास सम्बन्धी कार्यहरु,
- बौद्धिक सम्पत्ति सम्बन्धी तोकिएका अन्य कार्यहरु,

### उद्योग विभाग:

औद्योगिक सम्पत्ति कानुनको कार्यान्वयन उद्योग विभागबाट सम्पादन हुँदै आएको छ। पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ ले औद्योगिक बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी

कार्यहरु गर्नका लागि नेपाल सरकारले छुट्टै विभाग स्थापना गर्ने परिकल्पना गरी त्यस्तो विभाग स्थापना नभएसम्मका लागि उद्योग विभागले उक्त कार्यहरु गर्दै आइरहेको छ।

*("विभाग" भन्नाले नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको विभाग सम्झनु पर्छ र त्यस्तो नतोकिएसम्म उद्योग विभागलाई सम्झनु पर्छ (पेटेण्ट, डिजायन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा २(घ))*

**उद्योग विभागले औद्योगिक सम्पत्ति प्रशासनमा खासगरी तीन प्रकारका कार्यहरु गर्दछ।**

**१. प्रशासनिक कार्यहरु (Administrative Functions):** पेटेन्ट, डिजाईन तथा ट्रेडमार्कको दर्ता, नविकरण, नामसारी, हक हस्तान्तरण, अभिलेखाङ्कन, अभिलेख ब्यवस्थापन तथा अनुगमन आदि कार्यहरु मार्फत औद्योगिक सम्पत्तिका धनीको हक र अधिकारको संरक्षण गर्ने,

**२. प्रबर्द्धनात्मक कार्यहरु (Promotional Functions):** औद्योगिक सम्पत्तिको संरक्षणका लागि अभिमुखीकरण, जनचेतना सचेतना अभिबृद्धि, क्षमता अभिबृद्धि तथा प्रबर्द्धनात्मक कार्यहरु गर्ने,

**३. अर्धन्यायिक कार्य(Quasi Judicial Functions):** औद्योगिक सम्पत्तिको अधिकारको उल्लघंन, अनधिकृत प्रयोग र चोरीमा परेका उजुरी निवेदन तथा दाविविरोध उपर जाँचबुझ गरी अर्धन्यायिक अधिकारको प्रयोग गरी न्याय निरुपण गर्ने ।

उद्योग विभागले विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को संम्पर्क कार्यालयको रुपमा समेत कार्य गर्दै आईरहेको छ। हाल उद्योग विभागमा एकल विन्दु सेवा केन्द्र सहित कुल ७० जनाको दरबन्दी भएतापनि औद्योगिक सम्पत्ति संरक्षण शाखा (क) र (ख) मा राजपत्राङ्कित द्धितिय श्रेणीका दुईजना निर्देशक उपसचिव सहित कुल १२ जनाको दरबन्दी रहेको छ भने हाल कार्यरत कर्मचारीको संख्या देहाय अनुसार रहेको छ ।

## औद्योगिक सम्पत्ति शाखाको वर्तमान संगठन संरचना र कार्यविवरण

| क्र. स. | पदको नाम | सेवा/समुह | संख्या | कार्यविवरण |
|---|---|---|---|---|
| औद्योगिक सम्पत्ति शाखा (क) | | | | |
| १ | निर्देशक, रा.प.द्धि. | प्रशासन/सा.प्र. | १ | |
| २ | शा. अ./रा. प. तृ. | प्रशासन/सा.प्र. | २ | |
| ३ | आर्किटेक्ट ईन्जिनियर | ईन्जि/आर्किटेक्ट | १ | पेटेन्ट तथा डिजाईन परिक्षण |
| ४ | कम्युटर अपरेटर | विविध | १ | |
| ५ | नायव सुब्बा | प्रशासन/सा.प्र. | २ | |
| औद्योगिक सम्पत्ति शाखा (ख) | | | | |
| ६ | निर्देशक, रा.प.द्धि. | प्रशासन/सा.प्र. | १ | |
| ७ | शा. अ./रा. प. तृ. | प्रशासन/सा.प्र. | २ | |
| ८ | कम्प्युटर अधिकृत | विविध | १ | |
| ९ | नायव सुब्बा | प्रशासन/सा.प्र. | २ | |
| दुबै शाखाको लागि | | | | |
| १० | कम्प्युटर अपरेटर | विविध | १ | करार |
| ११ | कार्यालय सहयोगी | | २ | १ का.स. करार |
| जम्मा | | | १६ | |

## औद्योगिक सम्पत्ति शाखाको कार्यहरु

- पेटेन्ट डिजाईन तथा ट्रेडमार्कको दर्ता, नविकरण, नामसारी, हक हस्तान्तरण, प्रयोग अनुमती, अभिलेख संशोधन तथा अभिलेखिकरण लगायतका कार्यहरु गर्ने,
- औद्योगिक सम्पत्तिको आवेदनलाई दावि विरोधका लागि औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्ने,

- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण आकर्षित हुने औद्योगिक सम्पत्तिको सम्बन्धमा सहजीकरण गर्ने,
- औद्योगिक सम्पत्ति सम्बन्धित अभिलेख ब्यवस्थापन गर्ने,
- औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी जनचेतना जगाउने र प्रबर्द्धनको काम गर्ने,
- बौद्धिक सम्पत्ति सम्बन्धी राष्ट्रिय अन्तराष्ट्रिय तालिम तथा सेमिनारमा प्रतिनिधित्व जनाउने,
- औद्योगिक सम्पत्तिको प्रयोगका सम्बन्धमा अनुगमन गर्ने,
- औद्योगिक सम्पत्ति सम्बन्धी अन्य तोकिएका कार्यहरु गर्ने ।

**अर्ध न्यायिक निकायको रुपमा उद्योग विभागका महानिर्देशक तथा कानुन शाखाको कार्य:**

औद्योगिक सम्पत्तिको हक अधिकार सुरक्षित गर्न उद्योग विभाग अन्तर्गतको औद्योगिक सम्पत्ति शाखाबाट प्रारम्भिक र सारभूत परिक्षण गरी औद्योगिक सम्पत्तिको आवेदनमा दावि विरोधको लागि औद्योगिक सम्पत्ति बुलेटिनमा सूचना (Pre-Opposition) प्रकाशन गरिन्छ, बुलेटिनलाई उद्योग विभागको वेवसाईडमा अपलोड गरिन्छ। वेवसाईटमा प्रकाशित भएको र यस उपर कोही कसैको दावि विरोध भए ९० दिन भित्र उद्योग विभागमा उजुरी गर्नु हुन भनी राष्ट्रिय स्तरको पत्रिकामा सूचना प्रकाशन गरिन्छ। म्याद भित्र परेका उजुरीहरुमा उद्योग विभागका महानिर्देशकले जिल्ला अदालतको न्यायधीस सरहको अधिकार प्रयोग गरी दुबै पक्षलाई मनासिव माफिकको मौका दिई छानविन गरी फैसला गर्ने ब्यवस्था रहेको छ। उद्योग विभागको महानिर्देशकबाट भएको फैसला उपर चित्त नबुझेमा ३५(पैतिस) दिन भित्र उच्च अदालतमा पुनराबेदन दिन सकिने ब्यवस्था रहेको छ।

सो बाहेक औद्योगिक सम्पत्ति चोरी लगायतका अन्य गुनासो उजुरीहरु जुनसुकै समयमा पनि उद्योग विभागका महानिर्देशक समक्ष दिन सकिने र विभागको कानुन शाखाको निर्देशक (कानुन उपसचिव) को सहयोगमा दावि विरोधमा परेको उजुरी र अन्य गुनासो उजुरीको निरुपण र फछ्र्यौटको कार्य भैरहरेको छ। औद्योगिक सम्पत्तिको प्रशासन अन्यत्र कुनै शाखा वा कार्यालय नभएको कारणले उद्योग विभाग अन्तर्गतको औद्योगिक सम्पत्ति शाखाबाट भैरहेको र उजुरी तथा गुनासो हेर्ने कार्य उद्योग विभागको महानिर्देशकबाट भैरहेको छ। पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ बमोजिम उद्योग विभागबाट हुने निर्णयमा

चित्त नबुझ्ने पक्षले सोही ऐनको दफा २७ बमोजिम उच्च अदालतमा पुनराबेदन दर्ता भई ती पुनराबेदनहरु हाल उच्च अदालत पाटनले हेरिरहेको छ।

**नेपाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयः**

नेपाल सरकार कार्यविभाजन नियमावली अनुसार प्रतिलिपि अधिकार र सोसँग सम्बन्धित विषय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट सम्पादन हुने गरेको छ। प्रतिलिपि अधिकारको संरक्षण सम्बन्धी कार्यका लागि सो मन्त्रालय अन्तर्गत प्रतिलिपि अधिकार रजिष्टारको कार्यालय रहेको छ।नेपाल सरकार प्रशासन सेवा, सामान्य प्रशासन समूहको राजपत्राङ्कित द्धितिय श्रेणीको कार्यालय प्रमुख रहेको यस कार्यालयले प्रतिलिपि अधिकार ऐन, २०५९ र नियमावली ,२०६१ बमोजिम रचना ध्वनी अंकित प्रस्तुती वा प्रसारण दर्ता गर्ने रोयल्टी संकलनमा कुनै पक्षको चित्त नबुझेमा तोकिए बमोजिम उजुरी सुन्ने लगायतका कार्यहरु गर्दछ।हाल प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयमा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह राजपत्राङ्कित द्धितिय श्रेणीको रजिष्टारको नेतृत्वमा कूल ११ जनाको दरबन्दीमा कार्यरत कर्मचारीबाट सेवाप्रबाह भैरहेको छ।

**उद्योग विभागको संगठनात्मक संरचनाः**

उद्योग,बाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत उद्योग प्रशासन सम्बन्धी कार्यको लागि स्थापना गरिएको उद्योग विभागको हालको कुल दरबन्दी ५६ जना र एकलविन्दु सेवा केन्द्रको अस्थाई दरबन्दी ४१ जनाको रहेको छ।प्रशासन सेवाको राजपत्राङ्कित प्रथम श्रेणीको सहसचिव महानिर्देशक विभागीय प्रमुख रहेको विभागमा नौ जना निर्देशकहरु कार्यरत छन।विभाग अन्तर्गतको औद्योगिक सम्पत्ति शाखा (क) र (ख) मा प्रशासन सेवाको राजपत्राङ्कित द्धितिय श्रेणीको उपसचिव दुईजना निर्देशक कार्यरत छन्।उद्योग प्रशासनसँग सम्बन्धित सेवालाई एकै ठाँउबाट प्रदान गर्ने उद्येश्यले वि.सं. २०७५ साल जेठ देखि एकल विन्दु सेवा केन्द्रको स्थापना गरी कम्पनी दर्ता, विदेशी लगानी स्वीकृति, उद्योग दर्ता तथा अनुमती, भिषा सहजीकरण,विदेशी मुद्रा सहजीकरण, प्यान दर्ता तथा एक्जिम कोड वितरण र जग्गा सहजीकरण जस्ता कार्यहरु उद्योग विभागको एकलबिन्दु सेवा केन्द्रबाट प्रवाह भैरहेको छ।विभागको विदेशी लगानी शाखाबाट सम्पादन हुने विदेशी लगानी तथा प्रविधि हस्तान्तरणको कार्यमा नेपालमा दर्ता भएको कुनै विदेशी ट्रेडमार्क कुनै स्वदेशी उद्योगले

प्रयोग गर्ने भएमा ती दुई पक्षबीच भएको सम्झौताको आधारमा निर्देशक समितिको बैठक बसी सिफारिस गर्ने प्रचलन अनुसार औद्योगिक सम्पत्ति शाखाका निर्देशकको पनि सहभागितामा निर्णय हुने गरेको छ।

**भाग- ३**

## बौद्धिक सम्पत्ति सम्बन्धी अन्य क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु

पेटेन्ट, डिजाईन, ट्रेडमार्क, कपिराइटजस्ता बौद्धिक अधिकार संरक्षणको पहल आजभन्दा १ सय ३६ वर्ष पहिले देखि भएको पाइन्छ। सन् १८८३ मा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार रक्षा र व्यवस्थापनका लागि पेरिस कन्भेन्सन भएको थियो। उक्त कन्भेन्सन मूलतः पेटेन्ट तथा ट्रेडमार्क रक्षामा केन्द्रीकृत थियो। त्यसको तीन वर्षपश्चात् अर्थात् सन् १८८६ मा व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकारसम्बन्धी बर्न कन्भेन्सन भयो, जुन मूलतः साहित्य, कला, संगीतको कपिराइट संरक्षणसँग सम्बन्धित थियो भने सन् १९९४ मराकेशको सम्झौता भई विश्व व्यापार संगठन स्थापना सँगसँगै सन् १९९५ जनवरी १ देखि व्यापारसम्बद्ध बौद्धिक सम्पत्ति सम्झौता कार्यान्वनमा आएको पाईन्छ ।

### ३.१ नेपालमा बौद्धिक सम्पत्तिको संरक्षणका सम्बन्धमा विगतका भएका प्रयासहरु:

• बौद्धिक सम्पत्ति संरक्षणमा राज्यको प्रतिवद्धता स्वरूप नेपालमा वि.सं. १९९३ सालमा नै पेटेण्ट, डिजायन र ट्रेडमार्क कानून प्रचलनमा आएको थियो। सो कानूनलाई पेटेण्ट, डिजायन र ट्रेडमार्क ऐन, २०२२ ले प्रतिस्थापन गर्यो ।

• यो ऐनले औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property), १८८३ को प्रावधान अनुकूल औद्योगिक सम्पत्ति उपर एकाधिकार प्राप्त गर्ने प्रक्रिया, एकाधिकारको अवधि र उल्लंघनको अवस्थामा प्राप्त हुने उपचारको समेत व्यवस्था गरेको छ ।

• प्रतिलिपि अधिकारको संरक्षणका लागि नेपालमा पहिलो पटक प्रतिलिपि अधिकार ऐन, २०२२ जारी भएको थियो। यसलाई प्रतिस्थापन गर्दै जारी भएको प्रतिलिपि अधिकार ऐन, २०५९ वाट हाल प्रतिलिपि अधिकार संरक्षणको कार्य भैरहेको छ। प्रतिलिपि अधिकारको

संरक्षण तथा प्रबर्द्धन सम्बन्धी कार्यहरु विभिन्न निकायबाट हुँदै आएकोमा सो प्रयोजनका लागि २०६१ सालमा नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना भएको छ।

•बौद्धिक सम्पत्ति संरक्षणको क्षेत्रमा भएका अन्तर्राष्ट्रिय प्रयासमा सहभागी हुन नेपालले सन् १९९७ मा विश्व बौद्धिक सम्पत्ति संगठन (World Intellectual Property Organization – WIPO) को सदस्यता प्राप्त गर्यो।

•औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property, १८८३) को पनि नेपाल सन् २००१ मा पक्ष राष्ट्र बनेको छ।

•यसैगरी सन् २००४ मा विश्व ब्यापार संगठन (World Trade Organization – WTO ) को सदस्यता प्राप्त गरेसँगै यसको अभिन्न अंगको रूपमा रहेको व्यापार सम्बद्ध वौद्धिक सम्पत्ति अधिकार सम्झौता (Agreement on Trade Related Aspects of Intellectual Property Rights –TRIPs ) को समेत पक्षराष्ट्र भएको छ ।

•त्यसैगरी, वौद्धिक सम्पत्तिको महत्वपूर्ण विधाका रुपमा रहेको प्रतिलिपि अधिकार संरक्षणमा अन्तर्राष्ट्रिय सहभागिताका लागि साहित्यिक तथा कलात्मक श्रृजनाको संरक्षण सम्बन्धी वर्न महासन्धि (Berne Convention for the Protection of Literary and Artistic Works) १८८६ को सन् २००६ मा पक्ष राष्ट्र बनेको छ ।

•नेपाल हालसम्म चिन्ह दर्ताका लागि वस्तु र सेवाहरुको अन्तर्राष्ट्रिय वर्गीकरण सम्वन्धी नीस सम्झौता (Nice Agreement Concerning the International Classification of Goods and Services for the Purposes of the Registration of Marks,१९५७) को पक्ष नभएतापनि यस सम्झौताले निर्धारण गरेबमोजिम वस्तु र सेवाहरुलाई वर्गीकरण गरी व्यापार र सेवा चिन्हको दर्ता हुँदै आएको छ।

•नेपालमा बीउ बिजन ऐन, २०४५ ले वनस्पतिको नयाँ प्रजातिको प्रजनकलाई सो नयाँ जातको बीउ बिजनको स्वामित्वको अधिकार प्रदान गर्ने मौलिक किसिमको(Sui-generis) संरक्षण प्रणालीको अवलम्बन गरी राष्ट्रिय बीउ बीजन समितिको व्यवस्था समेत गरेको छ।

•नेपालले जैविक विविधता सम्बन्धी महासन्धि (Convention on Biological Diversity –CBD) , १९९१ मा हस्ताक्षर गरी अनुमोदन गरेको छ। यस अनुरूप आनुवंशिक सम्पदामाथि पहुँच र लाभको बाँडफाँड सम्बन्धी ब्यवस्था गर्नुपर्ने भएको छ।

•प्रतिलिपि अधिकार व्यवस्थाले मानिसको मौलिक रचनात्मक कामको संरक्षण गर्दछ। यस्ता कला, साहित्य, ज्ञान—विज्ञान आदि क्षेत्रका रचनाहरूको प्रतिलिपि अधिकार र यससँग सम्बन्धित ध्वनिअंकन, प्रस्तुति तथा प्रसारणको अधिकारको प्रभावकारी संरक्षण सम्बर्धन र विकास गर्न नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयले प्रतिलिपि अधिकार ऐन, २०५९ तथा नियमावली, २०६१ अनुसार प्रतिलिपि अधिकारको संरक्षण र सम्बर्द्धन गर्न आवश्यक कामहरू गर्दछ।

३.२ अन्तराष्ट्रिय सन्धी सम्झौता र कार्यान्वयनको अवस्था

**पेरिस सम्झौता (Paris Convention) तथा ब्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार (TRIPS) सम्झौता र यसको कार्यान्वयनको अवस्था:**

- अन्तर्राष्ट्रिय स्तरमा बौद्धिक सम्पत्ति संरक्षणको शुरुवात सन् १८८३ को औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी पेरिस महासन्धि (Paris Convention for the Protection of Industrial Property) र सन् १८८६ को कलात्मक र साहित्यिक कार्यको संरक्षण सम्बन्धी बर्न महासन्धि (Berne Convention for the Protection of Literary and Artistic Works) को समयदेखि नै भएको मान्न सकिन्छ।
- अन्तर्राट्रियस्तरमा बौद्धिक सम्पत्तिको संरक्षण र सम्बर्द्धनका लागि विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को महत्वपूर्ण भूमिका रहेको छ। WIPO संयुक्त राष्ट्रसंघको विशिष्टीकृत संस्थाहरुमध्ये एक हो। संयुक्त राष्ट्रसंघ र WIPO का बीचमा भएको सम्झौता अनुसार WIPO ले आफूद्धारा प्रशासित सन्धि र सम्झौताको आधारमा सृजनात्मक बौद्धिक क्रियाकलापहरुको प्रवद्र्धन गर्न तथा विकासोन्मुख मुलुकहरुको आर्थिक, सामाजिक एवं सांस्कृतिक विकासका लागि प्रविधि हस्तान्तरणको लागि सहजीकरण गर्ने कार्य गर्दछ। यसले हाल २३ वटा अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको व्यवस्थापन गर्नुको साथै बौद्धिक सम्पत्तिको व्यवस्थापन र विकासमा अन्तरसरकारी सहयोग जुटाउने कार्य समेत गर्दै आएको छ।
- बौद्धिक सम्पत्ति अन्तर्गतका औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकारको संरक्षणका लागि समय समयमा विभिन्न क्षेत्रीय एवं अन्तर्राष्ट्रिय प्रयासहरु भइ आएको पाइन्छ। औद्योगिक सम्पत्तिको संरक्षण सम्बन्धी पेरिस महासन्धिले पेटेण्ट, डिजायन, व्यापारिक चिन्ह, भौगोलिक संकेत आदिजस्ता औद्योगिक बौद्धिक सम्पत्तिको अन्तर्राष्ट्रियस्तरमा संरक्षणका लागि शुरुवात गरेको पाइन्छ।

- व्यापारिक चिन्हको संरक्षणका सम्बन्धमा पेरिस महासन्धिले आधारभूत व्यवस्था गरेपछि यस्ता चिन्हहरुको अन्तर्राष्ट्रिय दर्ताका लागि चिन्हहरुको अन्तर्राष्ट्रिय दर्ता सम्बन्धी मेड्रिड सम्झौता (The Madrid Agreement concerning the International Registration of Marks, १८९१) र सो सम्बन्धी उपलेख (Protocol Relating to the Madrid Agreement, १९८९) ले एकल निवेदनका आधारमा सो सम्झौता वा उपलेखका केही वा सबै पक्ष राष्ट्रहरुमा संरक्षणका लागि माग गर्न सक्ने व्यवस्था समेत गरेको पाइन्छ । व्यापारिक तथा सेवा चिन्हको अन्तर्राष्ट्रिय दर्ता र संरक्षणका लागि सन् १९९४ मा Trademark Law Treaty को माध्यमबाट थप व्यवस्थाहरु समेत गरिएको पाइन्छ।
- भौगोलिक संकेतहरुको अन्तर्राष्ट्रिय स्तरमा संरक्षणका सम्बन्धमा पेरिस महासन्धि पछि सन् १९५८ को Protection of Appellations of Origin and their Registration विषयक लिस्बन सम्झौताले विशेष व्यवस्था गरेको पाइन्छ। TRIPS ले पनि यसका सदस्य मुलुकहरुलाई भौगोलिक संकेतको संरक्षण गर्नुपर्ने दायित्व निर्धारण गरेको र वाइन र स्पिरिटका लागि अझ उच्च तहको संरक्षण (Enhanced or Higher level Protection) गर्नुपर्ने व्यवस्था समेत गरेको छ। यस्तो उच्च तहको संरक्षण अन्य वस्तु वा उत्पादनका सम्बन्धमा समेत विस्तार गर्ने विषय TRIPS Council मा बहसको रुपमा रहेको छ।
- प्रतिलिपि अधिकारको सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा कानूनी व्यवस्थाका लागि सन् १८८६ मा स्वीटजरल्याण्डको बर्नमा आयोजित अन्तर्राष्ट्रिय सम्मेलनले कलात्मक र साहित्यिक कार्यको संरक्षण सम्बन्धी बर्न महासन्धि(Berne Convention for the Protection of Literary and Artistic Works) को व्यवस्था गरेको पाइन्छ। यो महासन्धि साहित्यिक, बैज्ञानिक र कलात्मक कार्यको यसका पक्ष राष्ट्रहरुले संरक्षण गर्नुपर्ने विषयमा केन्द्रित रहेको छ। यसमा प्रत्येक सदस्य राष्ट्रहरुले अन्य राष्ट्रका नागरिकहरुको रचना र सृजनालाई पनि आफ्ना नागरिकहरु सरह नै समान रुपमा प्रतिलिपि अधिकार उपलव्ध गराउनुपर्ने (National Treatment), प्रत्येक सदस्य राष्ट्रहरुले केही न्यूनतम आधारभूत प्रावधान सहितको प्रतिलिपि अधिकार कानून लागू गर्नुपर्ने, प्रतिलिपि अधिकारको न्यूनतम समायावधि सर्जकको जीवनपछि ५० वर्षसम्मको हुनुपर्ने, दर्ताको औपचारिक प्रक्रिया पूरा नगरे पनि प्रतिलिपि अधिकारको शुरुवात सृजनाको समयदेखि नै शुरु हुनुपर्ने व्यवस्था गरिएको थियो।

- यसका साथै प्रतिलिपि अधिकारसंग सम्बन्धित अधिकार (Related Rights) को सम्बन्धमा रोम महासन्धिको नामले पनि चिनिने र UNESCO, ILO / WIPO बाट संयुक्त रुपले प्रशासन हुने प्रस्तुतकर्ता, फोनोग्राम उत्पादक र प्रशारण संस्थाहरुको संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि(The International Convention for Protection of Performers, Producers of Phonograms and Broadcasting Organizations, १९६१)को माध्यमबाट प्रतिलिपि अधिकार संरक्षित सृजना र रचनाहरुलाई प्रयोगकर्ता समक्ष पुर्याउने"सम्बन्धित अधिकार"को संरक्षणको अन्तर्राष्ट्रिय व्यवस्था समेत गरिएको पाइन्छ।
- भू—उपग्रह, इन्टरनेट जस्ता माध्यमबाट सृजना र रचनाहरुको प्रशारण तथा सि.डी., डि.भि.डि., कम्प्युटर एप्स र सफ्टवेयर जस्ता सामग्रीहरुको विकास संगसंगै प्रतिलिपि अधिकारको संरक्षणका लागि नयाँ नयाँ चुनौतीहरु थपिएका छन् र यसको समाधानका लागि विश्वव्यापी प्रयास पनि भैरहेका छन्। सूचना र प्रविधिको यस युगमा प्रतिलिपि अधिकार संरक्षणका लागि नयाँ नयाँ मापदण्डहरु तयार गर्ने क्रममा WIPO जस्ता संस्थाहरु निरन्तर प्रयासरत रहेको पाइन्छ।
- इन्टरनेट सन्धिका रुपमा समेत परिचित WIPO Copyright Treaty र WIPO Performance and Phonogram Treaty को WIPO ले व्यवस्थापन गरिरहेको पाइन्छ। यी सन्धिहरुले इन्टरनेटमा रहेका सृजनात्मक कार्यमाथि अनधिकृत पहुँचलाई नियन्त्रण गर्ने अन्तर्राष्ट्रिय व्यवस्था गरेका छन् ।
- WIPO अन्तर्गतका अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुले बौद्धिक सम्पत्तिको संरक्षणमा महत्वपूर्ण योगदान पुर्याएतापनि यस अन्तर्गत विवाद समाधानको संयन्त्रको व्यवस्था नभएकाले उल्लेखित सन्धि, सम्झौताहरुको कार्यान्वयनमा वाधा उत्पन्न भएको महसूस गरी सन् १९९५ मा स्थापित विश्व व्यापार संगठन (WTO) मा प्रभावकारी विवाद समाधान संयन्त्र सहितको व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता -Trade Related Aspects of Intullectual Property Rights –TRIPS) लाई समावेश गरियो।
- TRIPS ले बौद्धिक सम्पत्तिको संरक्षणका सम्बन्धमा महत्वपूर्ण व्यवस्थाहरु गरेको पाइन्छ। यस सम्झौताले बौद्धिक सम्पत्ति संरक्षणका लागि न्यूनतम मापदण्डहरु निर्धारण गरेको छ, जुन मापदण्डभन्दा तल नहुने गरी प्रत्येक सदस्य राष्ट्रले राष्ट्रिय कानून निर्माण गरी बौद्धिक सम्पत्तिको संरक्षण गर्नुपर्ने हुन्छ। तर सो मापदण्डभन्दा उच्च स्तरको संरक्षण प्रदान गर्नमा भने यसले रोक लगाएको छैन। यस सम्झौतामा

प्रतिलिपि अधिकार र औद्योगिक बौद्धिक सम्पत्ति अन्तर्गत पेटेण्ट, औद्योगिक डिजायन, व्यापारिक चिन्ह, एकीकृत सर्किटको ढाँचा, भौगोलिक सूचक, अस्वस्थ प्रतिस्पर्धा विरुद्धको संरक्षण र व्यापारिक गोप्यताका सम्बन्धमा विभिन्न व्यवस्थाहरु गरिएको छ।

- TRIPS सम्झौताले बौद्धिक सम्पत्ति अन्तर्गत देहायका विषयलाई समेटेको छः प्रतिलिपि अधिकार र सो संग सम्बद्ध अधिकारहरु,ट्रेडमार्क(सर्भिस मार्क समेत),भौगोलिक संकेत,औद्योगिक डिजायन,पेटेन्ट,एकीकृत सर्किटको ले—आउट डिजायन र व्यापारिक गोप्यता आदि।
- व्यापार सम्बद्ध बौद्धिक सम्पत्ति अधिकार सम्झौता (ट्रिप्स) ले बर्न महासन्धि र पेरिस महासन्धिले निर्धारण गरेका बौद्धिक सम्पत्तिहरुको संरक्षणलाई समेत मान्यता प्रदान गरेको छ। यसका साथै यो सम्झौता विश्व व्यापार संगठनको अन्य सम्झौताहरुमा व्यवस्था भएको भेदभाव नगर्ने सिद्धान्त (राष्ट्रिय व्यवहार र अति सौविध्यप्राप्त मुलुकको व्यवहार) मा आधारित रहेको छ।
- पेटेण्टका सम्बन्धमा यस सम्झौताले न्यूनतम् २० वर्षको संरक्षण अवधि तोकेको छ।यसमा पेटेण्ट धनीलाई निजको आविष्कारको सम्बन्धमा एकलौटी अधिकार प्रदान गरे तापनि केही अपवादहरुको समेत व्यवस्था गरेको छ।जस्तै धनीले आफ्नो आविष्कारको व्यवसायिक उत्पादन नगरेको अवस्थामा सरकारले सो उत्पादनको प्रतिस्पर्धीलाई सो आविष्कार वा प्रक्रियाको प्रयोग गर्न अनिवार्य अनुमतिपत्र (Compulsory License) जारी गर्न सक्छ।
- यसैगरी औद्योगिक डिजायनका हकमा न्यूनतम १० वर्षको संरक्षण अवधि समेत सो सम्झौताले निर्धारण गरको पाइन्छ।व्यापारिक चिन्ह र सेवा चिन्हका सन्दर्भमा TRIPS ले शुरुमा न्यूनतम् ७ वर्षको लागि दर्ता गरी अनन्तकालसम्म नवीकरण गर्नुपर्ने व्यवस्था गरेको छ।
- ख्यातिप्राप्त चिन्ह (Well Known Marks) का सम्बन्धमा त्यस्तो चिन्ह कुनै मुलुकमा दर्ता नभएको भएतापनि सोको संरक्षण गर्ने दायित्व सदस्य मुलुकहरुलाई तोकिएको छ।यस सम्झौताले सदस्य मुलुकहरुले भौगोलिक सूचकको संरक्षण र यसको अनुचित प्रयोगको रोकथामका लागि कानूनी व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ।यसले सदस्य मुलुकहरुले एकीकृत सर्किटको ढाँचाका लागि न्यूनतम १० वर्षको संरक्षण

प्रदान गर्नुपर्ने व्यवस्था गरेको छ भने, व्यवसायिक गोप्यताको संरक्षणको लागि कानूनी व्यवस्था गर्नुपर्ने दायित्व पनि तोकेको छ।

- प्रतिलिपि अधिकारका सम्बन्धमा दर्ताविना नै संरक्षण प्राप्त हुने र यस्तो संरक्षणको अवधि सर्जकको जीवनकालपर्यन्त र मृत्युपश्चात पनि न्यूनतम ५० वर्षसम्म हुनुपर्ने व्यवस्था गरेको छ।
- WTO र WIPO वीच २२ डिसेम्बर, १९९५ मा सम्पन्न सम्झौता वमोजिम WIPO ले WTO को TRIPS सम्झौता कार्यान्वयनका लागि विकासोन्मुख मुलुकहरुलाई सहयोग गर्ने गरेको छ।
- विवाद समाधानका लागि गठन भएको मध्यस्थता तथा मेलमिलाप केन्द्र -WIPO Arbitration and Mediation Centre_ को कार्य इन्टरनेट डोमेन नाम (Domain Name)को दुरुपयोगबाट उत्पन्न हुने समस्याको समाधानसम्म विस्तारित भएको छ। यस सन्दर्भमा, आइक्यान Internet Corporation for Assigned Names and Numbers – ICANN) ले WIPO लाई ICANN को Uniform Domain Name Dispute Policy अन्तर्गत दर्ता भएका विवाद समाधानका लागि आधिकारिकता प्रदान (Accredit) गरेको छ । विवादहरु लागत र समय प्रभावी रुपले पक्षहरुको भौतिक उपस्थिति विना पनि विद्युतीय Online माध्यमबाट समाधान गर्ने गरिएको समेत पाइन्छ । बौद्धिक सम्पत्ति सम्बन्धी सूचनाहरुको विश्वव्यापी रुपमा आदान प्रदान गर्नका लागि Worldwide global Intellectual property Information Network (WIPOnet) नामक परियोजना सन् १९९९ मा शुरु गरी सबै सदस्य मुलुकहरुको बौद्धिक सम्पत्ति कार्यालयहरुलाई सुरक्षित नेटवर्कको माध्यमबाट जोड्ने कार्य गरेको छ। यसको माध्यमबाट सदस्य मुलुकहरुले सूचनाहरुको विश्वव्यापी रुपमा पहुँच र आदानप्रदानको सुविधा प्राप्त गरिरहेका छन्।
- हाल बौद्धिक सम्पत्तिको क्षेत्रमा नयाँ अवधारणाहरु, जस्तै परम्परागत ज्ञान (Traditional Knowledge), परम्परागत साँस्कृतिक अभिव्यक्ति -Traditional Cultural Expressions/Folklore), जैविक विविधता (Biological Diversity), वातावरण संरक्षण जस्ता उदाँउदा विषयहरुमा समेत विश्वव्यापी दृष्टिकोण (Global Approach) को अवलम्बन गर्न थालिएको छ । यसबाट विद्यमान बौद्धिक सम्पत्ति प्रणाली र आनुवंशिक सम्पदा र सो संग सम्बन्धित परम्परागत ज्ञान तथा परम्परागत साँस्कृतिक अभिव्यक्ति/लोकवार्ता (Genetic resources, Traditional Knowledge, Traditional

Cultural Expression/Folklore) का बीचमा सम्बन्ध पहिचान गर्ने कार्यको थालनी समेत शुरु भएको छ।

- विकासोन्मुख र अतिकम विकसित मुलुकहरुका स्थानीय र आदिवासी, जनजाति समुदायहरुको परम्परागत ज्ञान, परम्परागत साँस्कृतिक अभिव्यक्ति र आनुवंशिक सम्पदाको उपयोग गरी तथाकथित नवआविष्कारको दावी गरी सोमाथि पेटेण्ट लगायतका साम्पत्तिक अधिकारको व्यवसायिक उपभोग गर्ने प्रबृत्ति बढदै गइरहेको अवस्थामा त्यस्ता आनुवंशिक सम्पदा एवं साँस्कृतिक अभिव्यक्तिका वास्तविक धनीको पूर्व जानकारीमा सहमति (Prior Informed Consent) लिनुपर्ने, त्यस्ता धनीहरुलाई सोको व्यवसायीकरणबाट प्राप्त लाभको उचित बाँडफाँड गर्नुपर्ने जस्ता बौद्धिक सम्पत्तिका सम्बन्धमा नयाँ अवधारणाहरु आएका छन्।
- यस विषयमा जैविक विविधता सम्बन्धी महासन्धि र सो सम्बन्धी नागोया उपलेख (The Nagoya Protocol on Access and Benefit Sharing), खाद्यान्न र कृषिका लागि आनुवंशिक सम्पदा सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि (International Treaty on Genetic Resources for Food and Agriculture, ITPGRFA) जस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरुको व्यवस्था भएको छ।
- आनुवंशिक स्रोतको उपयोग गरी वनस्पतिको नयाँ प्रजातिको उत्पादन गर्ने क्रममा पूर्व जानकारीमा सहमति लिनुपर्ने सोको व्यवसायिकरणबाट प्राप्त लाभको निष्पक्ष र समन्यायिक बाँडफाँड गर्नुपर्ने जस्ता विषयहरु पनि जैविक विविधता सम्बन्धी महासन्धि जस्ता अन्तर्राष्ट्रिय सन्धि सम्झौताले गरेबाट अन्तर्राष्ट्रिय स्तरमा बौद्धिक सम्पत्तिको क्षेत्र झन् झन् व्यापक र फराकिलो बन्दै गएको पाइन्छ।
- पेरिस कन्भेन्सन तथा TRIPS का मुख्य चारवटा पक्ष National Treatment, Priority Rights, Well-Known Marks & Unfair Competition लाई राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३ र हाल तर्जुमा भई मस्यौदा अन्तिम चरणमा पुगेको बौद्धिक सम्पत्तिको संरक्षण सम्बन्धी विधेयकले समेटेको छ।

३.३ नेपाल आवद्ध नभएका केही बौद्धिक सम्पत्ति सम्बन्धी अन्य क्षेत्रीय एवं अन्तर्राष्ट्रिय सन्धि सम्झौताहरु:

**१.Madrid Agreement Concerning the International Registration of Marks,१८९१ (Madrid System):**

- म्याड्रिड प्रणालीलाई बौद्धिक सम्पत्तिको विषयमध्ये ब्यापार ब्यवसायको संरक्षण तथा प्रबर्द्धनका लागि एक प्रमुख माध्यमको रुपमा लिइन्छ। यो प्रणाली भित्र विश्व बौद्धिक सम्पत्ति संग (WIPO) बाट प्रशासन हुने ब्यापार चिन्हको अन्तर्राष्ट्रिय दर्ता सम्बन्धी दुई महत्वपूर्ण दस्तावेज क्रियाशिल रहेका छन्।
- ब्यापार वा सेवा चिन्हको धेरै देशहरुमा एकल दर्ताको माध्यमबाट संरक्षणका प्रदान गर्न सन् १८९१ देखि कार्यान्वयनमा रहेको चिन्हको अन्तर्राष्ट्रिय दर्तासम्बन्धी Madrid Agreement Concerning the International Registration of Marks १८९१ र Madrid Agreement मा भएका कमजोर पक्षलाई सुधार गरी पेरिस महासन्धीका सबै पक्षराष्ट्र स्वीकार हुनेगरी सन् १९९६ अप्रिल १ देखि लागू भएको म्याड्रिड उपलेख Protocol Related toMadrid Agreement १९८९ कार्यान्वयनमा ल्याइएको हो।
- म्याड्रिड प्रणालीको दुई वटा उद्देश्य रहेका छन्: (१) ब्यापार वा सेवा चिन्हहरुको संरक्षण प्रदान गर्ने र (२) ब्यापार र सेवा चिन्हहरुको संरक्षणलाई सहज बनाउने।
- संरक्षण प्राप्त गर्न प्राकृतिक वा कानूनी ब्यक्तिले आफ्नो देशको बौद्धिक सम्पत्ति कार्यालय मार्फत म्याड्रिड युनियन समक्ष अन्तराष्ट्रिय आवेदन गर्नुपर्दछ। म्याड्रिड प्रणालीमा दर्ता भएपछि मात्र अन्तराष्ट्रिय ब्यापार वा सेवा चिन्हको रुपमा संरक्षण प्राप्त गर्दछ ।

**२. Protocol relating to Madrid Agreement Concerning the International Registration of Marks, १९८९:**

- Protocol relating to Madrid Agreement Concerning the International Registration of Marks, १९८९ जुन २७ मा हस्ताक्षर भई सन् १९९५ डिसेम्बर १ बाट कार्यान्वयनमा आएको हो।
- Madrid Agreement मा देहायका कारणहरु (Madrid Agreement का दूर्बल पक्षहरु) ले गर्दा यो Protocol को जन्म भएको हो, Madrid Agreement ट्रेडमार्क दर्ता र विश्व ब्यापारको अधिकांश हिस्सा समेट्ने साझेदार राष्ट्रहरु (बेलायत, क्यानडा, संयुक्त राज्य अमेरीका, मध्य र दक्षिण अमेरीका, जापान र एशिया) नै सो संझौताभन्दा बाहिर रहेका छन।
- Madrid Protocol का विशेषता (सबल पक्ष) हरु देहाय बमोजिम रहेका छन्:सम्बन्धित पक्षराष्ट्रमा चिन्ह दर्ता अनिवार्य नभएको हुँदा सम्बन्धित पक्षराष्ट्रमा चिन्ह परीक्षण गर्दा लाग्ने समय बचत हुन जाने र पेरीस महासन्धी अनुसारको ६ महिनाको Priority date पाउने,चिन्ह दर्ता गर्दा लाग्ने शुल्क म्याड्रिड प्रणाली अन्तर्गत

वा पक्षराष्ट्रले नै अलग अलग रुपमा उठाउन सक्ने सुविधा हुँदा बढी शुल्क विद्यमान रहेका पक्ष राष्ट्रहरुलाई लाभ पुग्न सक्ने। म्याड्रिड प्रणाली अन्तर्गतका पक्षराष्ट्रमा अन्तराष्ट्रिय दर्तामा असफल भएका चिन्हले पनि क्षेत्रिय वा देशगत रुपमा अलग्गै पनि दर्ता गर्न सकिने ।

**३.The Lisbon Agreement for the Protection of Appellations of Origin, १९५८:**

- कुनै बस्तुको खास भौगोलिक वातावरण वा मानविय वा दुबै पक्षको परंपरागत मौलिक गुण वा पहिचान भएको उत्पादनलाई भौगोलिक संकेतको रुपमा लिइन्छ। भौगोलिक संकेतलाई अझ विशिष्ठ रुपमा भौगोलिक श्रोत (Indications of Source) र भौगोलिक सम्बन्ध (Appellations of Origin) शब्दको प्रयोग पनि गरिन्छ। भौगोलिक श्रोतले बस्तु उपलब्ध हुने स्थान वा क्षेत्रलाई जनाउँछ भने भौगोलिक सम्बन्धले कुनै स्थान वा श्रोतका कारण हुने बस्तुमा विद्यमान विशेष गुणलाई बुझाउँछ। भौगोलिक संकेत अन्तर्गत समग्रमा भौगोलिक श्रोत, भौगोलिक सम्बन्ध र ख्याति वा विशेषताहरु समेतलाई लिइन्छ। उदाहरणको लागि स्कटल्याण्ड(बेलायत)को स्कच ह्स्किी, स्वीस वाच, फ्रञ्च कोगन्याक ब्राण्डी, सेम्पेन बवल वाइन र रकफोर्ड चिज, इटालीको पर्माहाम, जमैकाको रम आदिलाई लिन सकिन्छ।
- भौगोलिक संकेतको रुपमा विश्व बौद्धिक सम्पत्ति संगठनका अन्तराष्ट्रिय ब्यूरो मार्फत अन्य पक्षराष्ट्रमा मान्यता तथा संरक्षण पाउन उत्पति भएको राष्ट्रमा पनि मान्यता तथा संरक्षण पाएको हुनुपर्दछ। त्यस्तो भौगोलिक संकेत राष्ट्रको समग्र भाग वा कुनै खास भाग वा क्षेत्रमा उत्पादन भई खास किसिमका योग्यता हाँसिल गरेको हुनुपर्दछ। यस्तो भौगोलिक संकेतले ख्याति प्राप्त गरेको र ब्यवस्थापकीय वा प्रशासकिय वा न्यायिक वा अन्य कुनै किसिमले औपचारिक रुपमा मान्यता गरेको हुनुपर्दछ ।

**४. Patent Cooperation Treaty, १९७०:**

- सन् १९७० जुन १९मा वासिङ्गटनमा हस्ताक्षर भई सन् १९७८ जनवरी २४ देखि कार्यान्वयन भएको यो सन्धि अन्तराष्ट्रिय पेटेण्ट कानूनको एक अङ्ग हो। यसलाई सन् १९७९, १९८४ र २००१ मा परिमार्जनसमेत गरिएको थियो। यो सन्धिले यसका पक्षराष्ट्रहरुमा पेटेण्ट संतरक्षण गर्नका लागि पेटेण्ट आवेदन प्राप्ति तथा दर्ता सम्बन्धी कार्यमा सहजिकरण गर्दछ। यसका पक्षराष्ट्रहरुमा एउटै आवेदनबाट पेटेण्ट संरक्षण हुनेहुँदा यसलाई अन्तराष्ट्रिय आवेदन पनि भनिन्छ। पेटेण्ट दर्ता गर्ने नगर्ने

विषयमा भने पक्षराष्ट्र वा अन्तरसरकारी संगठनको सार्वभौव अधिकार रहन्छ। हाल १९ मे २०१७ सम्म १५३ पक्षराष्ट्र रहेको यो सन्धि अंग्रेजी र फ्रेञ्च दुई भाषालाई कामकाजको भाषाको मान्यता रहेको छ। औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धि पेरीस महासन्धि, १८८३ को पक्षराष्ट्र मात्र सदस्य हुन पाउँछ।

## निष्कर्ष र सुझावहरु

विश्वब्यापीकरणको वर्तमान युगमा कुनै पनि मुलुक एक्लै आत्मनिर्भर हुन सक्दैन। उसलाई आवश्यक पर्ने प्रविधिसमेतका बस्तु वा सेवाको आपूर्ति तथा आफ्ना प्रविधिसमेतका बस्तु वा सेवा उत्पादनहरुको बाह्य बजारमा प्रवेशका लागि नेपाल सदस्य भएका विभिन्न अन्तराष्ट्रिय संगठन एवं बहुपक्षीय सन्धि संझौताहरु नेपालको समृद्धिको माध्यम हुन सक्दछन्। यसै सन्दर्भमा विश्व बौद्धिक सम्पत्ति संगठनका सदस्य तथा औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरीस महासन्धि, १८८३ का पक्षराष्ट्र भएका १०१ तथा संयुक्त राष्ट्र संघका १३ अल्पविकसित राष्ट्रको सदस्य रहेका Protocol relating to Madrid Agreement Concerning the International Registration of Marks १९८९, ५५ तथा संयुक्त राष्ट्र संघका ५ अल्पविकसित राष्ट्रको सदस्य रहेका Madrid Agreement Concerning the International Registration of Marks १८९१, ३५ तथा संयुक्त राष्ट्र संघका ३ अल्पविकसित राष्ट्रको सदस्य रहेका The Lisbon Agreement for the Protection of Appellations of Origin, १९५८ १५३ तथा संयुक्त राष्ट्र संघका २८ अल्पविकसित राष्ट्रको सदस्य रहेका Patent Cooperation Treaty, १९७० को नेपाल पक्षराष्ट्र भएमा नेपाली नागरिक तथा सँस्थाहरुले पनि आफ्नै देशमा रहेर आफ्ना ब्यापारिक चिन्ह एवं सिर्जना अन्य पक्षराष्ट्रमा दर्ता गरी मुलुक र आफ्नो प्रतिष्ठा तथा आर्थिक हित अभिबृद्धिमा सघाउ पुग्न जाने तथा बौद्धिक सम्पत्तिको संरक्षणमा विश्वसनियता कायम भई स्वदेशी तथा विदेशी लगानीमा बढोत्तरी हुनेछ।

नेपालले वौद्धिक सम्पत्ति संरक्षणलाई महत्वका साथ अघि बढाउन समयानुकूल प्रयास र आफू पक्ष भएको सन्धि सम्झौताको प्रावधानहरु पालना गर्दै अतिकम विकसित मुलुकहरुका लागि व्यवस्था गरेको लचकताको अत्यधिक उपयोग र विकसित मुलुकहरुबाट प्राप्त हुने प्राविधिक तथा आर्थिक सहयोगको परिचालन गर्न सकिने अवसर समेत रहेको हुँदा नीतिगत र कानूनी व्यवस्थामा समयानुकुल परिमार्जन गर्नुपर्ने भएको छ।

३.४ बौद्धिक सम्पत्तिको हालसम्मको कार्यान्वयन अवस्था

## औद्योगिक सम्पत्ति शाखामा हालसम्म पेटेन्ट, डिजाईन र ट्रेडमार्कको दर्ता विवरण उजुरी फछ्र्यौटको अवस्था

| **विवरण** | **गत आ व ०७६।७७** | | | **गत आ व ०७६।७७ सम्म** | | |
|---|---|---|---|---|---|---|
| | **स्वदेशी** | **विदेशी** | **जम्मा** | **स्वदेशी** | **विदेशी** | **जम्मा** |
| पेटेन्ट दर्ता संख्या | ० | ० | ० | ४० | ३६ | ७६ |
| डिजाईन दर्ता संख्या | २ | १५ | १७ | १०२ | ९३ | १९५ |
| ट्रेडमार्क दर्ता संख्या | १५५२ | १५११ | ३०६३ | २७८३५ | २२८१४ | ५०६४९ |

| **विवरण** | **पहिलो चौमासिक आ व ०७७।७८** | | | **हालसम्मको दर्ताको अवस्था** | | |
|---|---|---|---|---|---|---|
| | स्वदेशी | विदेशी | जम्मा | स्वदेशी | विदेशी | जम्मा |
| पेटेन्ट दर्ता संख्या | ० | ० | ० | ४० | ३६ | ७६ |
| डिजाईन दर्ता संख्या | ० | ० | ० | १०२ | ९३ | १९५ |
| ट्रेडमार्क दर्ता संख्या | २५० | ३२३ | ५७३ | २८०८५ | २३१३७ | ५१२२२ |

| उजुरी फछ्र्यौटको अवस्था | | | | | |
|---|---|---|---|---|---|
| क्र. सं. | आर्थिक बर्ष | उजुरी संख्या | निर्णय संख्या | बाँकी | कैफियत |
| १ | ०७३।७४ | ६४३ | ११७ | ५३० | |
| २ | ०७४।७५ | ७६५ | २७० | ४९५ | |
| ३ | ०७५।७६ | ८१३ | २७७ | ५३६ | |
| ४ | ०७६।७७ | ७१३ | ३६ | ५३६ | |
| ५ | ०७७।७८ हालसम्म (मंशिर) | ७२४ | ५७ | ६६७ | |

## औद्योगिक सम्पत्ति शाखामा ट्रेडमाक, डिजाईन र पेटेन्टको आवेदन दर्ताको हालसम्मको अवस्था देहाय अनुसार रहेको छ ।

| क्र.स. | विवरण | संख्या |
|---|---|---|
| १ | ट्रेडमार्क | ९००८० |
| २ | डिजाईन | ६५४ |
| ३ | पेटेन्ट | ७६३ |

### नेपालमा सामूहिक चिन्ह (कलेक्टिभ मार्क) दर्ताको अवस्था

कलेक्टिभ मार्कको दर्ता सम्बन्धी निर्देशिका, २०७६ सामूहिक चिन्ह दर्ता सम्बन्धमा पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ मा सामूहिक चिन्हको विषयमा छुट्टै उल्लेख नभएता पनि ट्रेडमार्क अन्तर्गत नै कलेक्टिभ मार्क समेत पर्ने भएको एबं नेपाल समेत पक्षराष्ट्र औद्योगिक सम्पत्ति संरक्षण सम्बन्धी पेरिस महासन्धीमा कलेक्टिभ ट्रेडमार्कको दर्ता सम्बन्धी व्यवस्था भए अनुरुप हालसम्म नेपाल टि, च्याङ्ग्रा पश्मिना, नेपाल कफी, एभरेष्ट बिग

कार्डामममा सामूहिक चिन्ह प्रदान गरिसकिएको छ। सामूहिक चिन्ह दर्ताका लागि नेपकुप कफी, नेपाल जुट, नेपाल हर्वस, नेपाल कार्पेट, जुजु धौं, सिन्धुका नामको ट्रेडमार्क सामुहिक चिन्हका लागि आवेदन दर्ता भएको छ। सामूहिक चिन्हको दर्ता प्रकृया ऐन तथा निर्देशिका बमोजिम अपनाईएको छ। पेटेन्ट डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ मा सामूहिक चिन्ह दर्ता सम्बन्धमा ब्यवस्था नभएको र निदेशिकामा समेत स्पष्ट ब्यवस्था नभएकोले सामूहिक चिन्ह दर्ता सम्बन्धी प्रकृया ट्रेडमार्क दर्ता कै प्रकृया अपनाई गरिएको छ। नयाँ बौद्धिक सम्पत्ति कानुनमा स्पष्ट ब्यवस्था गरी सामूहिक चिन्ह दर्ता प्रकृया स्पष्ट र सरल बनाउनु जरुरी भैसकेको छ। नेपाल एकिकृत ब्यापार रणनीतिले पहिचान गरेका तुलनात्मक लाभका संभावना भएका बस्तुहरुको प्रबर्धन गरी निर्यात बढाउँन एकै वस्तु उत्पादन गर्ने उत्पादकहरुको समूह बनाई सामूहिक चिन्ह राष्ट्रिय र अन्तराष्ट्रिय दर्ता गरी अन्तराष्ट्रिय ब्यापारमा प्रतिष्पर्धात्मक क्षमता बढाउन सकिन्छ ।

**विश्व नवप्रवर्तन सूचक(Global Innovation Index-GII) तथा विश्व बौद्धिक सम्पत्ति सूचक (Global Intellectual Property Index) मा नेपालको अवस्था:**

विश्व नवप्रवर्तन सूचकले क्रियाकलापमा आधारित पाँच वटा सूचकहरु Institution,Human capital and research,Infrastructure,Market sophistication,Business sophistication र उपलब्धीमा आधारित दुईवटा सूचकहरु Knowledge and technology outputs and creative outputs का आधारमा मूल्याङ्कन गरेर विश्वका १३१ राष्ट्रहरु समाबेश गरी विगतका बर्षहरु देखि सूचक निकाल्दै आएको छ। यसबाट सूचिकृत राष्ट्रमा नवप्रबर्तन र सिर्जनशिलताको अवस्थालाई दर्शाउँदछ। सन् २०२० को GII सूचक अनुसार विश्वमा सबैभन्दा बढी अंक स्वीजरल्याण्डको ६६.१, एसियामा सबैभन्दा बढी सिंगापुरको ५६.६०, दक्षिण कोरियाको ५६.१०, चाईनाको ५३.३०, ईण्डियाको ३५.६० र नेपालको अवस्था २४.४० अंकमा रही १३१ देशहरुमध्ये नेपाल ९५ औं स्थानमा रहेको छ ।

त्यसैगरी विश्व बौद्धिक सम्पत्ति सूचकमा विश्व अर्थतन्त्रको GDP को ९० प्रतिशत हिस्सा ओगट्ने ५३ वटा देशहरुको अवस्थालाई rank गरिएको छ । यो सूचकले ज्ञानमा आधारित अर्थतन्त्र, :उदीयमान IP System सहितको प्रभावकारी बौद्धिक सम्पत्तिको संरक्षण प्रणाली,

नवप्रबर्तन र सिर्जनशितला, विदेशी लगानीमा आकर्षण र बौद्धिक सम्पत्तिको संरक्षणबाट अर्थतन्त्र आएको गतिशिलता तथा प्रतिष्पर्धी क्षमता जस्ता परिसूचकहरुको आधारमा मूल्याङ्कन गर्दछ। यो सूचकमा अमेरिका ९५.२८ अंकका साथ सबैभन्दा अगाडि, चाईना ५०.९६ र भारत ३८.४६ अंकको स्कोरमा छ। नेपाल भने सूचिकृत समेत हुन सकेको छैन । यी दुबै सूचकबाट बौद्धिक सम्पत्तिको संरक्षण र प्रबर्द्धनमा नेपालको अवस्था सन्तोषजनक रहेको छैन भन्ने देखाउँछ ।

## बौद्धिक सम्पत्ति प्रशासनिक प्रणाली (IPAS-Intellectual Property Administrative System-IPAS) को कार्यान्वयन


World Intellectual Property Organization (WIPO) बाट विकास र स्थापना गरिएको IPAS shoftware हो। WIPO का सदस्य राष्ट्रहरुका औद्योगिक सम्पत्ति कार्यालय (IPOs) हरुमा WIPO को प्राविधिक सहायता कार्यक्रम अन्तर्गत उपलब्ध गराएको हो। यो सफ्टवेयर संचालन र अध्यावधिक गर्ने कार्य WIPO र IPOs को सहकार्यमा हुने गर्दछ। यो सफ्टवेयरले खासगरी औद्योगिक सम्पत्तिका मुख्य विधाहरु पेटेन्ट, डिजाईन र ट्रेडमार्कको राष्ट्रिय विद्युतीय दर्ता प्रणाली र अभिलेख ब्यवस्थापनलाई सरल र सहज बनाईदिएको छ। IPAS मा औद्योगिक सम्पत्तिको संरक्षणका लागि आवश्यक सबै प्रकृयाहरु समाबेश गरिएको छ। आवेदन दर्ता,प्रारम्भिक र सारभूत परिक्षण,बुलेटिनमा प्रकाशन,दाविविरोधको लेखाङ्कन,अभिलेख संशोधन,अभिलेखीकरण,हक हस्तान्तरण र प्रमाणपत्र जारी गर्ने सम्मका प्रकृयाहरु विद्युतीय माध्यमबाट गर्न सकिने ब्यवस्था रहेको छ। आफ्नो राष्ट्रिय कानुनले दिएको अधिकार र कार्यजिम्मेवारी अनुरुप workflow निर्धारण गर्ने,पहूँच दिने, तहगत कार्य सम्पादन गर्ने,प्रणालीलाई admin गर्ने गर्दछ। विक्रम सम्बत् २०६० कार्तिक २० गतेभन्दा अगाडी ट्रेडमार्क सम्बन्धी सम्पूर्ण विवरणहरु रजिष्टरमा लेखेर राखिने गरिन्थ्यो। विश्व बौद्धिक सम्पत्ति संगठन(WIPO) को सहयोगमा ट्रेडमार्क सम्बन्धी विवरण कम्प्यूटरमा राख्न IP Office Automation (IPAS) Software को प्रयोग थालियो।


IPAS को बर्तमान अवस्थाको विश्लेषण गर्दा विक्रम सम्वत् २०७३ कार्तिक १० देखि Web Based IPAS (Industrial Property Administration System)सफ्टवेयर प्रयोग गर्न थालियो। नेपाली भाषामा काम गर्न र नेपाली मिति (विक्रम सम्बत्) सिमित रुपमा मात्र प्रयोग गर्न सकिने

भयो । Computer Independent,वेब ब्राउजर भए पुग्ने, विभिन्न Modules प्रयोग गर्न सकिने,अनलाईन आवेदन गर्न सकिने, Madrid System Integration गर्न सकिने, WIPO Publish को सिमित प्रयोग गरिएको, Physical file लाई Digize गर्न शुरु गरिएको र Online filing गर्ने र दर्ता भएका औद्योगिक सम्पत्ति वेवसाईटमा राख्ने प्रकृया प्रारम्भिक चरणमा रहेको ।

## IPAS Module का विशेषताहरु

- IPAS : IPAS को Core Software
- WipoPublish : Data सार्वजनिक प्रयोजनको लागि Publish गर्ने सफ्टवेयर
- WipoScan : Physical File Scan गरेर EDMS (Electronics Data Management System ) संग Integration गर्ने सफ्टवेयर
- WipoFile : अनलाइन आवेदन गर्न बनाइएको सफ्टवेयर






**(IPAS Module)**

## भाग- ४

## समस्या तथा समाधानका उपायहरु

**पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क लगायत औद्योगिक सम्पत्ति प्रशासनमा समस्याहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ।**

### ४.१ नीतिगत तथा कानुनी समस्याहरु

- बौद्धिक सम्पत्तिका सबै विधाहरु समेटिएको एउटै छाता कानुन नहुनु।
- ट्रेडमार्कको स्वीकृत कार्यविधिमा सबै प्रकृयाहरु समेट्न नसकिनु र डिजाईन र पेटेन्टको कार्यविधि नहुनु।
- नेपालमा आवेदन हुने अधिकांश स्वदेशी पेटेन्ट Utility Model वा Micro patent मा पर्ने देखिएकोले कानुनी ब्यवस्था नभएको कारणले दर्ता गर्न नसक्नु।
- ट्रेडमार्कको दर्ता गर्दा NICE Classification अनुसार भैरहेको भए तापनि नेपाल हालसम्म उक्त सम्झौताको पक्ष राष्ट्र नहुनु।

- ट्रेडमार्क दर्ता भएको मिति वा आवेदन दर्ता भएको मिति मध्ये कुनलाई आधार मानी दर्ता मिति कायम गर्ने विषयमा द्धिविधा रहनु ।
- पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा २१ को (ख) ले विदेशमा दर्ता गरिएको पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क सम्बन्धित ब्यक्तिले नेपालमा दर्ता नगराई त्यस्तो सम्पत्तिको हक नेपालमा कायम रहने छैन भनी स्पष्ट ब्यवस्था भएकोले विदेशमा दर्ता भएका ख्यातीप्राप्त ट्रेडमार्कको संरक्षण गर्न कठिनाई हुनु।

४.२ संरचनात्मक तथा संगठनात्मक समस्याहरु

- औद्योगिक सम्पत्ति र प्रतिलिपि अधिकार दुबै विधाका लागि अन्तराष्ट्रिय स्तरमा एउटै संगठन विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) रहेको तर नेपालमा औद्योगिक सम्पत्ति प्रशासन उद्योग विभागबाट र प्रतिलिपि अधिकार र सम्बद्ध अधिकारको प्रशासन प्रतिलिपि अधिकार रजिष्टारको कार्यालयबाट हुने भएकोले अन्तराष्ट्रिय सम्पर्क, र समन्वय गर्न तथा सहायता परिचालन गर्नमा कठिनाई हुनु।
- मन्त्रालयमा औद्योगिक तथा लगानी प्रबर्द्धन महाशाखाबाट नीतिगत कार्य र उद्योग विभागबाट प्रशासनिक कार्यहरु संपादन हुने भएकोले विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को Focal unit मन्त्रालय वा विभाग कुन हो भनी स्पष्ट नहुनु।
- नेपाल पक्षराष्ट्र भएका अन्तराष्ट्रिय सन्धि सम्झौताहरु बमोजिम हालको संरचनागत ब्यवस्थासँग तालमेल हुन नसक्नु।
- बौद्धिक सम्पत्ति सम्बन्धी छुट्टै स्वायत्त सक्षम र प्रभावकारी संरचनाको विकास भै नसकेकोले यस क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि निरन्तर अध्ययन अनुसन्धान गर्ने संस्थागत ब्यवस्था नहुनु ।
- कामको प्रकृति, विविधता र विशिष्टिकरणलाई समेट्ने गरी संगठनात्मक ढाँचा नभएको कारणले विद्यमान कार्यबोझ र जनशक्ति वीच उचीत तालमेलको कमीका साथै दक्ष र विज्ञ जनशक्तिको विकास हुन नसकेको।
- औद्योगिक सम्पत्ति शाखाका कर्मचारीहरुको छिटो सरुवा र शाखा हेरफेर हुने कार्यले गर्दा कर्मचारीहरुमा औद्योगिक सम्पत्ति सम्बन्धी ज्ञान र दक्षताको विशिष्ठिकृत हुन नसक्नु ।

४.३ प्रकृयागत तथा ब्यवस्थापकीय समस्याहरु

- औद्योगिक सम्पत्ति दर्ताका लागि करिव ९० हजार आवेदन दर्ता भएको र परम्परागत मिसिल फायलिङ्ग प्रणाली रहेकोले फायल ब्यवस्थापनमा कठिनाई।

- विद्युतिय माध्यमबाट आवेदन गर्ने ब्यवस्था गर्न नसकिएको।
- ट्रेडमार्कको सारभूत परिक्षणमा समस्या: सुपरिचित ट्रेडमार्कको संरक्षण,दर्ता भैसकेका ट्रेडमार्कको संरक्षण,पहिलो प्रयोग वा पहिलो दर्ताको विषय, ग्राह्यता मितिको दावी, भौगोलिक संकेतको संरक्षण, Generic Name र साझा नाम जस्ता विषयहरु बस्तुगत आधारहरु निर्धारण नभएकोले विषयगत आधार अपनाईने भएकोले एकरुपता कायम गर्न कठिनाई।
- दक्ष जनशक्ति, Data Base र साधन स्रोतको अभावमा स्वदेशी तथा विदेशी पेटेन्ट र डिजाईनको दर्ताको कार्य छिटो छरितो रुपमा अगाडि बढाउन नसक्नु।
- विदेशी ट्रेडमार्कको हकमा नेपालको कानुनमा नोटरी प्रमाणित गरिएको Home registration certificate पेश गर्नुपर्ने ब्यवस्था गरिएको तर कतिपय देशको कानुन अनुसार नोटरी प्रमाणित गर्ने प्रचलन नरहेकोले दर्ता प्रकृयामा एकरुपता गर्न कठिनाई हुनु।
- ट्रेडमार्क दर्ता र नविकरण गर्दा लाग्ने दस्तुर न्यून रहेको तथा आवेदन प्रकृया सजिलो भएकोले राष्ट्रिय र अन्तराष्ट्रिय रुपमा सुपरिचित नाम, संकेत, चिन्ह, लोगो र झण्डाहरु दर्ता गर्ने र अनाबश्यक धेरै आवेदन दर्ता गरी ओगटेर राख्ने प्रबृत्ति रहेको।
- विदेशी ट्रेडमार्क र स्वदेशी ट्रेडमार्कको दर्ता तथा नविकरणमा आवश्यक पर्ने कागजातमा एकरुपता कायम गरी समान ब्यवहार गर्न नसकिएको।
- सारभूत परिक्षण निर्देशिकाको अभावमा सारभूत परिक्षणमा एकरुपता कायम गर्न नसकिनु ।
- औद्योगिक सम्पत्ति दर्ता सम्बन्धमा परेका दावी विरोधको समयमा फछ्र्यौट हुन नसक्नु।
- ट्रेडमार्कको राष्ट्रिय वर्गिकरण गर्न नसकिएको कारण केही मौलिक नेपाली बस्तुहरुको अन्तराष्ट्रिय बर्गिकरणमा पर्ने नभएकोले बर्ग छुट्याउन कठिनाई भएको।
- बौद्धिक सम्पत्ति संरक्षणको कार्य विशिष्टिकृत प्रकृतिको कार्य भएकोले लामो अनुभव भएका दक्ष विज्ञ कर्मचारी आवश्यकता पर्ने हुनाले कर्मचारीको छिटो छिटो सरुवा हुने भएकोले विज्ञताको विकास हुन नसकेको तथा संस्थागत स्मरण कमजोर भएको।

- शाखाको कार्य जिम्मेवारी बाँडफाँड अल्फावेटको आधारमा नभई बर्गको आधारमा भएकोले सेवाग्राहीले दोहोरो कागजात पेश गर्नुपर्ने, समय धेरै लाग्ने, प्रकृया झण्झटिलो र कार्यबोझ समेत बढी हुनु ।
- अभिलेख ब्यवस्थापन राम्रो नहुँदा औद्योगिक सम्पत्ति शाखामा रहेका फाईलहरु खोजेको बखतमा नभेटिने गरेको।
- पेटेन्ट र डिजाईनको दर्ता गर्न विभिन्न विषय विज्ञहरुको राय परामर्श लिन र पटक पटक बैठक बस्न पर्याप्त स्रोत साधन र बजेटको ब्यवस्था नभएको।
- IPAS र Mannual दुबै प्रकृयाबाट कार्य गर्नु पर्ने भएकोले कर्मचारीहरुमा कार्यबोझ बढेको।
- औद्योगिक सम्पत्ति दर्ताको शुल्क/दस्तुर अन्य मुलुकको तुलनामा न्यून रहेको।
- अनलाईन प्रणाली अपनाउन नसकिएको, अभिलेख ब्यवस्थापन दुरुस्त हुन नसकेको र आवेदकले समयमा आवश्यक कागजात पेश नगरेको कारणले औद्योगिक सम्पत्ति बुलेटिन समयमा प्रकाशन गर्न नसकिएको।

४.४ अनुगमन तथा अन्य समस्याहरु

- पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन, २०२२ को दफा १८ ग बमोजिम औद्योगिक सम्पत्तिको दर्ता गरे पछि एक बर्ष भित्र प्रयोग गरिसक्नु पर्ने कानुनी ब्यवस्थाको कार्यान्वयन नभएको।
- दर्ता भएका ट्रेडमार्कहरुको नक्कल गरी अनधिकृत प्रयोग गरेकोमा कारबाही हुन नसकेको।
- ट्रेडमार्क दर्ता नगरी वा दर्ता प्रमाणपत्र नलिई ® लेख्ने गरिएको।
- विदेशी पेटेन्ट र डिजाईन आवेदन दर्ता गर्ने तर आवश्यक कागजात समयमा पेश नभएको कारणले विदेशी औद्योगिक सम्पत्ति दर्तामा ढिलाई भएको।
- दर्ता भएको स्वदेशी र विदेशी ट्रेडमार्क नक्कल गर्ने प्रवृत्ति रहेको।
- ट्रेडमार्क धनीलाई उचित क्षतिपूर्तिको ब्यवस्था कार्यान्वयन हुन नसकेको।

- उद्योगी ब्यवसायी, कानुन ब्यवसायी,कम्पनी प्रशासन,स्थानीयतह तथा प्रदेशस्तरमा उद्योग वाणिज्य हेर्ने निकाय,उपभोक्तामा औद्योगिक सम्पत्ति सम्बन्धी सचेतनाको कमी।
- नविनतम खोज तथा आविष्कारहरुलाई बौद्धिक सम्पत्तिको रुपमा दर्ता गर्ने प्रचलन नभएको।

**भाग- ५**

## सुधारका लागि सुझावहरु

५.१ नीतिगत तथा कानुनी सुधार

- बौद्धिक सम्पत्तिका सबै विधाहरु समेटेर नयाँ कानुन निर्माण गर्नुपर्ने ।
- औद्योगिक सम्पत्तिको एकिकृत आन्तरिक कार्यसंचालन निर्देशिका तर्जुमा गर्नुपर्ने ।
- ट्रेडमार्कको अन्तराष्ट्रिय वर्गिकरण नीस सम्झौता (Nice Agreement Concerning the International Classification of Trademarks मा आवद्धता जनाई त्यसलाई मूल आधार बनाई छुट्टै राष्ट्रिय बर्गिकरण गर्नुपर्ने।
- नयाँ औद्योगिक ब्यवसाय ऐन २०७६ को दफा २७ (२) ले महिला उद्यमीको स्वामित्वमा रहेको उद्योगले आफ्नो औद्योगिक सम्पत्ति दर्ता गराउँदा दिएको छुटको ब्यवस्था कार्यान्वयन गर्न आर्थिक ऐनमा ब्यवस्था गर्नुपर्ने।
- विदेशी पेटेन्ट तथा डिजाईनको दर्ता गर्दा Home registration certificate आएको आवेदनलाई मात्र अगाडि बढाउने हो या Priority claim मा आएका आवेदन HRC आएपछि दर्ता प्रकृया अगाडि बढाउँने सम्बन्धमा स्पष्ट ब्यवस्था हुनुपर्ने।
- सारभूत परिक्षणका विज्ञको सहायता आवश्यक परेमा परामर्श समितिबाट सहयोग लिने ब्यवस्थालाई प्रभावकारी बनाउनु पर्ने।
- बौद्धिक सम्पत्तिको प्रशासनको काम गर्न कर्मचारीको क्षमता विकास गर्न बौद्धिक सम्पत्तिको विविध विधाहरुको अध्ययन, तालिम प्रशिक्षणको ब्यवस्था गरी कम्तिमा २ बर्ष अवधि नपुग्दै अन्यत्र सरुवा नगर्ने नीति अबलम्बन गर्नुपर्ने।

- एकै प्रकृतिको वस्तु वा सेवा उत्पात्दन गर्ने उद्योग फर्म वा संघ संस्थाहरुलाई समूह चिन्ह र भौगोलिक क्षेत्रको पहिचान हुने बस्तुलाई भौगोलिक संकेत प्रदान गर्न कानुनी ब्यवस्था गर्नुपर्ने।
- नयाँ प्रविधि सिर्जना गर्न उद्योग प्रतिष्ठान निकाय अनुसन्धान तथा विकास (R&D) कार्य गरी बौद्धिक सम्पत्ति सिर्जना गरेमा सो मा लागेको खर्च करयोग्य आय बाट कट्टा गर्न पाउने ब्यवस्था गर्नुपर्ने।
- बैंक तथा वित्तिय संस्थाले बौद्धिक सम्पत्तिलाई धितोको रुपमा स्वीकार गरी ब्यवसायिक कार्यको लागि ऋण दिने कानुनी ब्यवस्था गर्नुपर्ने।
- पेटेन्ट, डिजाईन तथा ट्रेडमार्क ऐन २०२२ को दफा १७ ले ऐनको अनुसूचि १ (ग) बमोजिमको ढाँचामा दरखास्त दिनुपर्ने कुरा उल्लेख भएकोले, ऐनमा भएको ढाँचा, निर्देशिकामा भएको ढाँचा र हाल प्रयोगमा भएको आवेदनको ढाँचामा एकरुपता कायम गर्नुपर्ने ।
- हाल कार्यान्वयनमा रहेको समूह चिन्ह दर्ता सम्बन्धी निर्देशिका,२०६७ परिमार्जन गरी समूह चिन्ह दर्तालाई सरल र स्पष्ट बनाउनु पर्ने ।
- कुनै कम्पनी, फर्म वा संघसंस्थाको दर्ता गर्दा ख्यातीप्राप्त ट्रेडमार्क वा कुनै ख्यातीप्राप्त ट्रेडनेम वा कुनै राष्ट्रिय वा अन्तराष्ट्रिय संघसंस्थाको नाम वा लोगो मिल्ने गरी नदिने वा दिईसकेको भएमा संशोधन गर्ने कानुनी ब्यवस्था गर्नुपर्ने।
- दर्ता भएका औद्योगिक सम्पत्तिको प्रयोग अनुमती (Licensing) अनिबार्य रुपमा अभिलेखिकरण गर्ने कानुनी ब्यवस्था गर्नुपर्ने।
- उद्योग ब्यवसाय दर्ताको कार्य हरेक स्थानीय तहबाट समेत हुन गरेको र बहुउद्धेश्यीय सहकारीहरुले समेत उत्पादनमूलक कार्य गर्ने भएकोले त्यस्ता निकायलाई बस्तु तथा सेवाका लागि ट्रेडमार्क दिने सम्बन्धमा स्पष्ट ब्यवस्था गर्न नीतिगत निर्णय गर्नुपर्ने।
- ख्यातीप्राप्त ट्रेडमार्कको पहिचान र संरक्षणका लागि मापदण्ड स्वीकृत गरी सोही आधारमा कार्यान्वयन गर्नुपर्ने ।
- अन्तशुल्क लाग्ने मदिराजन्य र सूर्तिजन्य वस्तुको उत्पादनमा ट्रेडमार्क दर्ता प्रमाणपत्र प्राप्त भए पश्चात र गुणस्तर, बाणिज्य विभाग लगायतका निकायहरुमा ट्रेडमार्कको दर्ता प्रकृयामा रहे पश्चात अनुमती प्रदान गरिने भएबाट दर्ता क्रम अनुसार औद्योगिक सम्पत्ति बुलेटिनमा पठाउनु पूर्व नै औद्योगिक सम्पत्ति बुलेटिनमा पठाउने निर्णय गर्ने प्रचलनलाई निर्देशिकामा ब्यवस्था गर्नुपर्ने।

- ट्रेडमार्कको अवधि गणना आवेदन दर्ता मिति वा प्रमाणपत्र जारी भएको मितिबाट कायम गर्ने विषयमा निर्णय गरी अन्तराष्ट्रिय अभ्यास र कानुनी ब्यवस्था अनुसार आवेदन दर्ताको मितिलाई कायम गर्ने कानुनी ब्यवस्था गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति दर्ता सम्बन्धमा औद्योगिक सम्पत्ति शाखाबाट भएको निर्णय उपर चित्त नबुझ्ने पक्षले महानिर्देशक समक्ष उजुरी गर्ने सक्ने कानुनी ब्यवस्था गर्नुपर्ने।

५.२ संरचनागत तथा संस्थागत सुधार

- बौद्धिक सम्पत्ति नीति, २०७३ अनुसार उद्योग मन्त्रीको अध्यक्षतामा राष्ट्रिय बौद्धिक सम्पत्ति परिषद गठन गरी बौद्धिक सम्पत्तिको प्रबर्द्धन र संरक्षणको कार्य अगाडि बढाउनु पर्ने।
- औद्योगिक सम्पत्ति लगायत बौद्धिक सम्पत्तिको संरक्षण एवं प्रबर्द्धन गर्न बौद्धिक सम्पत्ति प्रबर्द्धन कोषको स्थापना गर्नुपर्ने।
- बौद्धिक सम्पत्तिको प्रबर्द्धन गर्न विश्व विद्यालयहरु,निजीक्षेत्र,अनुसन्धान र विकास (R&D) मा संलग्न संघ/संस्थाहरुसँग समन्वय,अन्तरक्रिया र सहकार्य गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति शाखामा पेटेन्ट र डिजाईन लगायतका औद्योगिक सम्पत्तिको सारभूत परिक्षण गर्न मुख्यतया मेकानिकल, ईलेक्ट्रिकल र ईलेक्ट्रोनिक्स सेवाका छुटटै प्राविधिक जनशक्तिको ब्यवस्था गर्नुपर्ने।
- नबप्रबर्तन र आविष्कारलाई प्रबर्द्धन गर्न उद्योग विभागमा Technology Support Centre -TSC स्थापना गरी नवप्रवर्तन र आविष्कारलाई बौद्धिक सम्पत्ति दर्ता र उपयोग गर्न सहजीकरण गर्नुपर्ने।
- विश्व बौद्धिक सम्पत्ति संगठन (WIPO) को Focal unit उद्योग विभाग तोक्नु पर्ने।

५.३ प्रकृयागत तथा ब्यवस्थापकीय सुधार

- बौद्धिक सम्पत्ति प्रशासनलाई विद्धुतीय रुपमा पूर्ण संचालनमा (Full automation) ल्याउनुपर्ने ।
- EDMS(Electronic Document Management System) र E-Payment System अपनाई IPAS का संम्पूर्ण विशेषता र सुविधाहरुको उपयोग गर्नुपर्ने।
- आवेदन भएका लोगो र डिभाईस IPAS बाट सर्च गर्न सक्ने ब्यवस्था गर्नुपर्ने।

- आवेदन दर्ता भएका स्वदेशी तथा विदेशी पेटेन्ट र डिजाईनको कार्य अगाडि बढाउन विज्ञको परामर्श र सहयोग लिने र यसका लागि पर्याप्त साधनस्रोतको ब्यवस्था गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति अधिकारको उल्लघंन गर्नेबाट क्षतीपूर्ति असुल गर्न दर्ता भएको औद्योगिक सम्पत्ति मूल्याङ्कन गर्ने मापदण्ड  विकास गर्नुपर्ने।
- औद्योगिक सम्पत्तिको दर्ता उपर परेको दावि विरोध तथा अन्य उजुरीहरु छिटो छरितो रुपमा फैसला गर्नुपर्ने।
- औद्योगिक सम्पत्तिको दर्ता,नविकरण,खारेजी,संशोधन,उजुरी,फैसला आदि अवस्थालाई वेवसाईटमा सार्बजनिकीकरण गर्नुपर्ने।
- औद्योगिक सम्पत्तिको दर्ता उपर परेको उजुरी वा मुद्धा र भएको फैसलाहरुको अभिलेख ब्यवस्थित गरी त्यसको संक्षिप्त विवरण औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति सम्बन्धी अभिलेखलाई Digitization गर्ने। सूचना प्रविधिमा आधारित अभिलेख ब्यवस्थापन गर्नुपर्ने।
- छुट्टै औद्योगिक सम्पत्ति अभिलेख ब्यवस्थापन एकाई निर्माण गरी कर्मचारीलाई जिम्मेवार बनाउनु पर्ने।
- औद्योगिक सम्पत्ति बुलेटिन कम्तिमा दुई महिनामा एकपटक प्रकाशन गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति शाखामा कार्यरत कर्मचारीहरुको क्षमता अभिबृद्ध गर्न स्वदेशी तथा विदेशी स्तरको तालिममा अवसर प्रदान गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति शाखाको कार्यजिम्मेवारी बाँडफाँड तथा अभिलेख ब्यवस्थापन कार्य औद्योगिक सम्पत्तिको धनी वा आवेदकको शुरुको नामको अग्रेजी पहिलो अक्षर (Alphabet) का आधारमा गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति दर्ता गर्दा पेश गरिएको निवेदनमा लेखिएका कुराहरु प्रति आवेदक स्वयंलाई जिम्मेवारी बनाउने तथा कागजात अनिवार्य प्रमाणित गरेर मात्र पेश गर्ने ब्यवस्था गर्नुपर्ने ।
- प्रयोजन खुलाई माग गरिएको औद्योगिक सम्पत्तिको सर्च रिपोर्टलाई सरल र सहज बनाउनु पर्ने।
- विदेशी ट्रेडमार्कको हकमा दफा १८ वा दफा २१ अनुसार दर्ता गर्ने हो यकिन गरी एकरुपता कायम गर्नुपर्ने।

- औद्योगिक सम्पत्ति शाखाको कार्य कम्युटर सफ्टवेयरमा आधारित रहेकोले कम्प्युटर, प्रिन्टर, स्क्यान मेशिन, फोटोकपि मेशिन, LCD Projector जस्ता उपकरणको व्यवस्था गर्नुपर्ने।
- औद्योगिक सम्पत्ति दर्तामा लागू भएको चेकलिष्ट पूर्ण रुपमा कार्यान्वयन गर्नुपर्ने ।

५.४ अनुगमनमा तथा अन्य क्षेत्रमा गर्नुपर्ने सुधारहरु

- आवेदन गरेका, प्रमाणपत्र नलगेका, प्रयोगमा नल्याएका, कागजजात पेश नगरेका र नविकरण नभएका पेटेन्ट, डिजाईन र ट्रेडमार्क आवश्यकता अनुसार अनुगमन तथा अभिलेखका आधारमा सार्वजनिक सूचना जारी गरेर दर्ताका लागि निश्चित समयदिने अन्यथा निर्णय गरी खारेज गर्नुपर्ने ।
- आविष्कार कर्ताहरुलाई बौद्धिक सम्पत्तिको दर्ताको महत्व र यसको ब्यवसायीकरणबाट हासिल गर्न सकिने लाभको सम्बन्धमा पर्याप्त मात्रामा सुसूचित गराउनु पर्ने।
- नेपालको जैविक विविधता र विविधतायुक्त हावापानीको कारणले नेपालमा उत्पत्ति हुने वा उत्पादन हुने प्राकृतिक जन्य, कृषिजन्य बस्तुमा भौगोलिक संकेतमा दर्ता तथा संरक्षण गरी प्रशस्त लाभ लिन सक्ने भएकोले संभावित वस्तु दर्ता गर्न प्रोत्साहन गर्नुपर्ने।
- जैविक विविधता र आनुवंशिक संपदाको संरक्षण तथा त्यसको लाभको समन्यायिक बाँडफाँडका लागि जिम्मेवार निकाय कृषि तथा पशुपंक्षी विकास मन्त्रालय र वन तथा वातावरण मन्त्रालयले कानुन ल्याई संस्थागत ब्यवस्था गर्न मन्त्रालय मार्फत पहल गर्नुपर्ने ।
- बौद्धिक सम्पत्तिसँग सम्बन्धित राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरुसँग सम्पर्क र सम्बन्ध स्थापित गरी सहकार्य गर्नुपर्ने ।

५.५ सुझाव कार्यान्वयनका लागि कार्ययोजना

**औद्योगिक सम्पत्ति अधिकारको संरक्षण, प्रबर्द्धन तथा सुधारको कार्ययोजना-२०७७।७८**

| क्र. सं. | कार्ययोजना | जिम्मेवार निकाय | समयसीमा | कैफियत |
|---|---|---|---|---|
| अल्पकालीन सुधार (बढीमा १ बर्ष भित्र) | | | | |
| १ | औद्योगिक सम्पत्ति शाखामा छुट्टै अभिलेख ब्यवस्थापन एकाई बनाउने। राजपत्र अनंकित प्रथम स्तरको कर्मचारी खटाई जिम्मेबार बनाउने र फाईलहरुको अभिलेख राखी फाईलहरु ब्यवस्थित गर्ने । | उद्योग विभाग | २ महिना | |
| २ | दर्ता भएका औद्योगिक सम्पत्तिहरुको संक्षिप्त विवरण सबैले हेर्न मिल्ने गरी बेवसाईटमा राख्ने। | उद्योग विभाग | १ महिना | |
| ३ | औद्योगिक सम्पत्ति शाखाका कर्मचारीलाई पेटेन्ट, डिजाईन तथा ट्रेडमार्कको सारभूत परिक्षण गर्न तथा अभिलेख ब्यवस्थापन र IPAS लगायत कम्प्युटर तालीम प्रदान गर्ने । | उद्योग विभाग | ३ महिना | |
| ४ | दर्ता गरी प्रयोगमा नभएका ट्रेडमार्कको प्रकृया पुरा गरी खारेज गर्ने। | उद्योग विभाग | निरन्तर | |

| | | | | |
|---|---|---|---|---|
| ५ | औद्योगिक सम्पत्ति शाखामा कर्मचारी दरबन्दी अनुसार पदपूर्ति गरी कम्तिमा २ बर्षसम्म शाखामा रही कार्य गर्ने वातावरण मिलाउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | निरन्तर | |
| ६ | औद्योगिक सम्पत्ति दर्ताका सबै फारामहरु वेवसाइटमा राख्ने र अनलाईनबाट ट्रेडमार्कको आवेदन गर्ने व्यवस्था मिलाउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | ६ महिना | |
| ७ | औद्योगिक सम्पत्ति दर्ता सम्बन्धी एकिकृत कार्यविधि निर्देशिका बनाउने। | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | ६ महिना | |
| ८ | समुह चिन्हको कार्यबिधि निर्देशिकामा परिमार्जन गर्ने। | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | ६ महिना | |
| ९ | बौद्धिक सम्पत्ति संरक्षणका लागि औद्योगिक व्यवसाय ऐनले दिएका छुट, सुविधा र सहुलियतलाई आर्थिक ऐनमा समाबेश गरी कार्यान्वयनमा ल्याउनु पर्ने । | अर्थ मन्त्रालय र उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | १ बर्ष | |

| | | | | |
|---|---|---|---|---|
| १० | IP Related नीति, ऐन, कानुन, सन्धी, सम्झौता,एम. ओ. यु.,फैसला, निर्णयहरु, नजिरहरु संग्रहित गरेर दिग्दर्शन निर्माण गर्ने। | उद्योग विभाग | ६ महिना | |
| ११ | बौद्धिक सम्पत्तिका सबै विधाहरु समेटेर नयाँ बौद्धिक सम्पत्ति ऐन तर्जुमा गर्नुपर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | १ बर्ष | |
| १२ | औद्योगिक सम्पत्तिको दर्ता उपर परेको दाविविरोध तथा अन्य उजुरीहरु छिटो छरितो फछ्र्यौट गर्ने । | उद्योग विभाग | निरन्तर | |
| १३ | ट्रेडमार्कको अवधि गणना गर्दा आवेदन दर्ता मिति वा प्रमाणपत्र जारी भएको मितिबाट कायम गर्ने विषयमा निर्णय गरी अन्तराष्ट्रिय अभ्यास अनुरुप कानुनी ब्यवस्था गर्नुपर्ने । | उद्योग विभाग | १ बर्ष | |
| १४ | कम्प्युटर सेट, प्रिन्टर, फोटोकपि, स्क्यान, LCD Projector, उच्चगतीको ईन्टनेट सेवा,लक सिस्टमवाला फाईल क्याविनेट, कुर्सीटेवल, डस्टविन, शाखाहरुमा ले-आउट मिलाई संकेत चिन्हहरुको ब्यवस्था गर्ने। | उद्योग विभाग | ४ महिना | |
| १५ | ख्यातीप्राप्त ट्रेडमार्कको पहिचान र संरक्षणका लागि | उद्योग, बाणिज्य | २ महिना | |

| | | | | |
|---|---|---|---|---|
| | मापदण्ड स्वीकृत गरी सोही आधारमा कार्यान्वयन गर्ने। | तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | | |
| १६ | औद्योगिक सम्पत्ति अधिकारको उल्लघंन गर्नेबाट क्षतीपूर्ति असुल गर्न दर्ता भएको औद्योगिक सम्पत्ति मूल्याङ्कन गर्ने मापदण्ड विकास गर्ने। | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | ६ महिना | |
| १७ | औद्योगिक सम्पत्तिको दर्ता उपर परेको उजुरी वा मुद्धा र भएको फैसलाहरुको अभिलेख ब्यवस्थित गरी त्यसको संक्षिप्त विवरण औद्योगिक सम्पत्ति बुलेटिनमा प्रकाशन गर्ने। | उद्योग विभाग | निरन्तर | |
| १८ | औद्योगिक सम्पत्ति बुलेटिन कम्तिमा दुई महिनामा एकपटक प्रकाशन गर्ने। | उद्योग विभाग | निरन्तर | |
| १९ | औद्योगिक सम्पत्ति शाखाको कार्यजिम्मेवारी बाँडफाँड तथा अभिलेख ब्यवस्थापन कार्य औद्योगिक सम्पत्तिको धनी वा आवेदक शुरुको नामको अग्रेजी पहिलो अक्षर (Alphabet) का आधारमा गर्ने। | उद्योग विभाग | ३ महिना | |
| २० | ट्रेडमार्कको दर्ता गरे पछि एक बर्ष भित्र प्रयोग गरिसक्नु पर्ने ऐनको दफाको कार्यान्वयन गर्ने | उद्योग विभाग | निरन्तर | |
| मध्यकालिन कार्ययोजना (३ वर्ष भित्र) | | | | |

| | | | | |
|---|---|---|---|---|
| १ | ट्रेडमार्कको अन्तराष्ट्रिय वर्गिकरण नीस सम्झौता (Nice Agreement Concerning the International Classification of Trademarks मा आवद्धता जनाई त्यसलाई मूल आधार बनाई छुट्टै राष्ट्रिय बर्गिकरण गर्नुपर्ने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभाग | २ बर्ष | |
| २ | IP LLB/LLM and Patent and Design and IP Related Course गर्न स्वदेश र विदेशमा नेपाल सरकारका कर्मचारीलाई छात्रवृत्तिमा अध्ययन तालिममा पठाउने । | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | २ बर्ष | |
| ३ | IPAS System को अपग्रेट गरी र IP Register System लाई पूर्ण अटोमेशनमा लाने। | उद्योग विभाग | १.५ बर्ष | |
| ४ | नवप्रवर्तन/प्रविधि आविष्कार केन्द्र (Innovation/ Technology Support Centre -NTSC) र को स्थापना गर्ने। | उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय | २ बर्ष | |
| ५ | बौद्धिक सम्पत्तिका सबै विधाहरुलाई दर्ता गरी संरक्षणको प्रकृयामा ल्याउन आवश्यक सहयोग र सहजीकरण गर्ने। | उद्योग विभाग | निरन्तर | नयाँ कानून बनेपछि |